वर्ष : १७, अंक : ४७, काठमाडौं, २०७८ फागुन २७ गते शुक्रबार, 11 March 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस्।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## जसपाको संघीय परिषद् र केन्द्रीय समितिको बैठक बस्दै

काठमाडौं । जनता समाजवादी पार्टी नेपालको संघीय परिषद् र केन्द्रीय समिति बैठक बस्न लागेको छ । जसपा नेपालको संघीय परिषद् बैठक आगामी शनिबार २८ गते शनिबार र केन्द्रीय समितिको बैठक २९ र ३० गते संघीय राजधानी काठमाडौंस्थित कालिकास्थानमा रहेको अमृतभोग पार्टी प्यालेशमा बस्ने कार्यालय प्रमुख प्रकाश अधिकारीले जनाएका छन् । संघीय परिषद् र केन्द्रीय समिति बैठकमा स्थानीय तहको निर्वाचन, पार्टीको विधान अधिवेशन र समसायिक विषयवस्तुमा छलफल हुने जनाइएको छ । सो बैठकमा प्रदेश तथा जिल्ला समितिका अध्यक्षहरु, सम्पूर्ण केन्द्रीय सदस्यहरुलाई उपस्थितिका लागि आह्वान गरिएको छ ।

## चुनाव चिन्हबाट बाधिक गर्नु पूर्णतः अनुचित : लाल

जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले दलीय आधारको निर्वाचन अभ्यासमा दलको आफेनो चुनाव चिन्ह लिनबाट बाधिक गर्नु पूर्णतः अनुचित रहेको बताएका छन् । अध्यक्ष लालले आइतबार एक विज्ञप्ति जारी गरी निर्वाचन आयोगमा दर्ता भएका दलहरुलाई आफ्नो चुनाव चिन्ह दिनुपर्ने माग गरेका छन् । 'स्थानीय तहमै राजनीतिक दलले आफ्नो चुनाव चिन्ह जनताको बीचमा लग्न नपाउनु भनेको राजनीतिक दलको आधार खडा गर्नबाट जडोमा नै बलात् रोक्नु हो', उनले विज्ञप्तिमा भनेका छन् । निर्वाचन आयोगले राष्ट्रिय दल मान्यता प्राप्त ६ दलहरु मात्र स्थानीय चुनावमा आफ्नो चुनाव चिन्ह प्रयोग गर्न पाउने निर्णय गरेको छ । आयोगको सो निर्णयलाई तमलोपा अध्यक्ष लालले त्रुटिपूर्ण भन्दै यस्ता त्रुटिपूर्ण कानून तत्काल समाप्त गर्ने गरी कानूनी निकास प्रदान गर्न माग गरेका छन् ।

## जसपालाई गठबन्धनको डर !

# ओलीको ध्यान ठाकुर र राउततिर

**मधेशवाणी डेस्क**

काठमाडौं । वैशाख ३० गतेका लागि स्थानीय निकायको निर्वाचन हुँदैछ । निर्वाचनका लागि दलहरुले आन्तरिक र बाह्य तयारी सुरु गरिरहेका छन् ।

सरकारमा रहेका दलहरुले वर्तमान गठबन्धनलाई कायमै राखेर निर्वाचनमा जाने वा नजाने विषयमा फरक फरक मतमा विभाजित छन् । कांग्रेसबाहेक सत्ता गठबन्धनमा रहेका माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा गठबन्धनलाई निर्वाचनसम्मै लैजाने पक्षमा छन् ।

यी तीनवटै पार्टी एक वर्ष भित्र विभाजित भएका हुन् । विभाजन पछि पार्टी कमजोर मात्र होइन, उनीहरुका नेता तथा कार्यकर्ता पनि अर्को पार्टीमा छन् । नेकपा एकीकृत समाजवादी झन नयाँ बनेको हो, उसको देशभरि अहिले संगठन पनि छैन । कमजोर धरातलमा उभिएका यी दलहरु गठबन्धन बनाएर नै निर्वाचनमा जान सकिने 'मुड'मा छन् ।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई/दुईपटक प्रतिनिधिसभा भंग गरेपछि संविधान जोगाउन भन्दै नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी (जसपा) र राष्ट्रिय जनमोर्चाको गठबन्धन बनेको हो । एमसीसी अनुमोदनमा फरक मत रहेको जनमोर्चा गठबन्धनबाट बाहिरिए पनि समर्थन कायमै राखेको छ ।

पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै कांग्रेस सभापति शेरबहादुर देउवा अहिले सरकारको नेतृत्व गरिरहेका छन् ।






गठबन्धनकै असर र प्रभावका कारण सातमध्ये चार प्रदेशको एकल नेतृत्व गरिरहेको एमालेले सरकारबाट बाहिरिनु परेको छ ।

संघदेखि प्रदेशसम्म एकपछि अर्को गरी एमाले सत्ताच्युत हुँदै गएपछि अब आउन लागेको चुनावहरूलाई लक्षित गरी चार दलीय गठबन्धन कायमै रहने वा नरहने विषयले चर्चा पाएको हो ।

आगामी चुनाव तालमेल गरेरै लड्नुपर्नेमा एमालेबाट अलग भएर एकीकृत समाजवादी सबैभन्दा प्रष्ट देखिन्छ । चुनावको परिणाम एमालेको पक्षमा जानबाट रोक्ने उसको पहिलो प्राथमिकता हो । नयाँ दल भएका कारण देशभर संगठन विस्तार गर्न भर्खर पाइलामात्र टेकेको एकीकृत समाजवादीले आगामी चुनावमा गठबन्धनलाई अपरिहार्य ठानेका छन् ।

नेकपा एमालेबाट विभाजन भएर बनेको एकीकृत समाजवादीलाई निर्वाचनमा स्थापित हुने चुनौती छ । त्यसका लागि पनि उसले गठबन्धनलाई चुनावसम्म निरन्तरता दिनुपर्ने दाउमा जोड दिइरहेको छ ।

जसपाको जोड

त्यसैगरी राजपा र समाजवादी एकीकरण भएर बनेको जसपा पनि विभाजित भइसकेको छ । विभाजित दलहरूबीच बढेको तिक्तताका कारण आगामी चुनावमा ती दुई दलबीच गठबन्धनको सम्भावना टाढासम्म नरहेको नेताहरू बताउँछन् ।

त्यसैले आगामी निर्वाचनसम्म गठबन्धन कायमै राख्नुपर्नेमा माओवादी केन्द्र र एकीकृत समाजवादीसँगै जसपाको जोड छ ।

जसपा अध्यक्ष उपेन्द्र यादव चुनावसम्म गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताउँछन् । चुनावमा आवश्यक्ताअनुसार तालमेल हुने भए पनि लोकतन्त्र र संविधानको रक्षाका लागि पनि अहिलेको गठबन्धनलाई चुनावसम्म निरन्तरता दिनुपर्ने उनको भनाइ छ ।

गठबन्धनआवद्ध माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपा चुनावसम्म गठबन्धनलाई निरन्तरता दिनबारे प्रष्ट देखिए पनि कांग्रेसभित्र यस विषयमा पर्याप्त छलफल नै हुनसकेको छैन । यहाँ सम्म कि गठबन्धनको निरन्तरताबारे कांग्रेसभित्रको फरक मत बाहिर आउन थालेको छ ।

विभाजन भए पनि मुख्य आधार क्षेत्र मधेश प्रदेशमा जसपाले सांगठनिक हिसाबले ज्यादै क्षति बेहोर्नु परेको छैन । प्रदेश २ मा २९ सिट जितेको तत्कालीन समाजवादी पार्टीसँग जसपा विभाजनपछि तत्कालीन राजपाका १० जना थपिएर ३९ प्रदेश सांसद पुगेको छ ।

मधेश प्रदेशका पहिलो पार्टी रहेको जसपा गठबन्धनमै चुनाव लडेर अन्य प्रदेशहरूमा आफ्नो राजनीतिक उपस्थितिलाई बलियो बनाउने रणनीति लिएको छ ।

जसपाले सबै प्रदेशमा गठबन्धन कायम राखेर जाने प्रयास गरे पनि गठबन्धनका अन्य दलको निर्णयमा भर पर्ने देखिन्छ ।

सत्ता गठबन्धनका दलहरुको चाहना निर्वाचनसम्म गठबन्धन कायम राख्ने चाहना कांग्रेसमाथि निर्भर छ । यदि कांग्रेसले गठबन्धन कायम राख्न तयार भएन भने त्यसको सबैभन्दा बढी क्षति एकीकृत समाजवादी र जसपाले व्यहोर्ने छ ।

**ओलीको रणनीति**

सत्तारुढ गठबन्धनबीच निर्वाचनसम्म तालमेल गर्ने सम्भावनाकाबीच नेकपाले पनि अन्य साना दललाई समेटेर गठबन्धन बनाउने रणनीति तय गरेको छ ।

सत्ता गठबन्धनको तयारीलाई

*बाँकी अन्तिम पृष्ठमा*

## वीरगञ्जका मेयर सरावगी एमाले प्रवेश गर्दै



वीरगञ्ज । पछिल्लो समय मधेसका प्रभावशाली नेता र स्थानीय तहका जनप्रतिनिधिहरू एमाले प्रवेशको क्रम चलिरहेका बेला वीरगञ्ज महानगरपालिकाका मेयर विजय सरावगीले एमाले प्रवेशको चाहना राखेका छन् । लोकतान्त्रिक समाजवादी पार्टीका नेता तथा सांसद विमल श्रीवास्तवमार्फत मेयर सरावगीले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग पार्टी प्रवेशको कुरा गरेका हुन् । सरावगी चैत ८ गते वीरगञ्जका प्रभावशाली नेता राजेशमान सिंह समूहसँगै एमाले प्रवेश गर्न चाहेका थिए ।

तर, राजेशमान सिंहको वीरगञ्जमा आफ्नै संगठन र जनमत रहेकाले उनले आफ्नो कार्यक्रममा सरावगीलाई समावेश गराउन नचाहेको बताइन्छ । सरावगीलाई अर्को कार्यक्रमबाट प्रवेश गराउने तयारी भइरहेको छ ।

यता पर्साका स्थानीय एमाले नेताहरूले भने सरावगीले स्थानीय पार्टीसँग समन्वय नगरी माथि-माथि कुरा अघि बढाएको बताएका छन् । अघिल्लो निर्वाचनमा करिब १२ हजार मतसहित तेस्रो भएका राजेशमान सिंह एमालेमा प्रवेश गरेर वीरगञ्जको मेयर बन्ने भएपछि सरावगीले एमाले प्रवेशको लागि छलफल गरेका हुन् ।

उनी यसअघि नेपाली कांग्रेसमा प्रवेश गर्ने घोषणा भइसकेको थियो । तर, पर्सा कांग्रेसको हालै सम्पन्न जिल्ला अधिवेशनपछि सरावगीको कांग्रेस प्रवेश रोकिएको बताइएको छ । उनले छलफल चलाएको अजय द्विबेदी पक्ष पराजित भएपछि सरावगीले एमालेसँग वार्ता गरेका हुन् । राजेशमान सिंह उठ्दा एमालेले मेयर जित्ने र उनीसँगै केही वडाध्यक्षहरू समेत एमाले प्रवेश गर्ने भएकाले स्थानीय कमिटीले भने सरावगीलाई भन्दा राजेशलाई महत्व दिएको छ । सरावगीलाई मेयरको टिकट दिने भनेर पार्टी प्रवेश गराउन नसकिने उनीहरूको भनाइ छ ।

## जनमतले होलीपछि किसान आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने

जनकपुरधाम । डा.सीके राउत नेतृत्वको जनमत पार्टीले होलीपछि किसान आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने निर्णय गरेको छ । जनमतको केन्द्रीय कार्यकारिणी समितिको अनलाइन बैठकले चारबुँदे निर्णय गर्दै चैत ५ गतेपछि किसान आन्दोलनका थप कार्यक्रमहरु सार्वजनिक गर्ने निर्णय गरेको हो । किसान आन्दोलनका कार्यक्रमहरू फागुन २० गतेसम्म रहेकोमा सो कार्यक्रमहरूलाई भव्यताका साथ सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण नेता, कार्यकर्ता तथा जनतालाई धन्यवाद ज्ञापन गरेको छ । किसान आन्दोलनलाई निरन्तरता दिँदै चैत ५ गतेपछि (होली पर्वपछि) को लागि आन्दोलनका थप कार्यक्रमहरू घोषणा गरिने जनाइएको छ । साथै, सो आन्दोलनको लागि तयार रहन सम्पूर्ण जिल्ला तथा स्थानीय समितिहरूलाई अनुरोध गरेको छ । यसैगरी, उम्मेदबारको सिफारिश गर्ने अन्तिम मिति फागुन ३० गतेसम्म बढाउने निर्णय गरेको छ । सो पश्चात् प्राप्त सिफारिशहरू स्वीकार भए नभएको दाबी गर्न पाइने छैन । यस्तै, जनमत माटो यात्रालाई बाँकी रहेका जिल्लाहरूमा निरन्तरता दिइनेछ । सोको लागि आवश्यक छलफल सम्बन्धित जिल्लासँग गरेर कार्यक्रम तोकिनेछ । त्यसैगरी, निर्वाचन केन्द्रीय प्रशिक्षणका कार्यक्रमहरू स्थानीय तहसम्मै चलाउने र सोको जिम्मेवारी जिल्ला कार्यकारिणी समितिलाई दिइनेछ । जिल्ला कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरूले जिम्मेबारी बाँडफाँड गरेर सो कार्य पूरा गर्ने जनमतका महासचिव चन्दन सिंहले जनाएका छन् ।

## मधेश प्रदेशमा बीटेक एडआईटी सुरु

जनकपुरधाम । मधेश प्रदेशको राजधानी जनकपुरधाममा ब्याचलर अफ टेक्नीकल एजुकेशन ईन ईनफर्मेशन टेक्नोलोजी (बीटेक. एडआईटी) नामक ४ वर्षे स्नातक कार्यक्रमको सुरुवात भएको छ ।

काठमाडौं विश्वविद्यालयले जानकी कलेज फर प्रोफेशनल स्टडीजको सहकार्यमा मधेश प्रदेशको राजधानी जनकपुरधाममा बुधबार उक्त कार्यक्रम सुरु गरेको हो ।

मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले जनकपुरधाममा यसको औपचारिक घोषणा गर्दै बीटेक. एडआईटीले मधेश प्रदेशलाई नेपालको प्राविधिक शिक्षाको केन्द्रका रुपमा विकसित गर्ने बताएका थिए ।




मुख्यमन्त्री राउतले यस कार्यक्रममार्फत सूचना प्रविधि जस्तो अपार सम्भावना रहेको क्षेत्रमा दक्ष जनशक्तिको उत्पादनले प्रदेशको विकासमा ठूलो टेवा पुग्ने धारणा राखे ।

जानकी कलेज नेपालको पहिलो आईटी कलेज लर्ड बुद्ध एजुकेशन फाउण्डेशनको सहयोगी संस्था हो । बीटेक. एडआईटी कार्यक्रमको उद्देश्य सूचना प्रविधिको क्षेत्रमा प्राविधिक शिक्षक तयार गर्नु रहेको कलेजका अध्यक्ष पंकज जालानले जानकारी दिए ।

चार वर्षे बीटेक. एडआईटीको कार्यक्रमलाई आठ सेमेस्टरमा विभाजित गरिएको छ । कार्यक्रमको कुल भार १३८ क्रेडिट आवर रहेको छ ।

यो कार्यक्रम जनकपुरधामको पहिलो स्मार्ट विद्यालय अक्षर विद्या मन्दिरको परिसरमा

*बाँकी अन्तिम पृष्ठमा*

## बोक्सी आरोप विरुद्धकी जिउँदो इतिहास

काठमाडौं । २० वर्षअगाडिको कहालीलाग्दो दृश्य सम्झँदा मरणीदेवी अहिले पनि झसङ्ग हुन्छिन् । महोत्तरी मट्टीहानीस्थित सिमरदहीका स्थानीयले सामाजिक रूपमा बहिष्कार गरी गाउँबाट नै पलायन हुने स्थिति बनाएको त्यो भयावह दृश्य अहिले मरणीदेवीको मानसपटलमा नाचिरहन्छ ।

उनी गाउँ र समाजबाट बोक्सीको आरोपमा बहिष्कार र यातना भोग्नुको मुख्य कारण एउटै थियो कि मरणीदेवीले गाउँका एक जना बच्चालाई पूजाको लागि कपुर लिन पठाइन् र ती बालक फर्किएपछि अचानक बिरामी हुनु ।

बिरामी बच्चालाई झाँक्रीले बोक्सी लागेको बताएपछि बालकका बाबुआमाले मरणीदेवीलाई बोक्सीको आरोप लगाए । बच्चाका बाबुआमा मात्र हैनन् गाउँभरीका सबैले मरणीदेवीलाई बोक्सीको आरोप लगाए । गाउँका प्रमुख नवल सहनीको नेतृत्वमा बसेको पञ्चायतीले समेत मरणीदेवीलाई बोक्सी घोषणा गर्‍यो ।

३० साउन २०५८ मा भारतबाट आएका एक जना झाँक्रीले गाउँमा सानो पूजा लगाए । गाउँभरिका मानिसलाई प्रसाद खान दिए, तर खानेबित्तिकै मरणीदेवी बेहोस भइन् । बुहारीले उनलाई घर ल्याइन् । दुई बुहारी उनीसँग बस्थे, छोरा र लोग्ने कमाउन बाहिर गएका थिए । उनी घरमा जेठी बुहारीको छेउमा बसेकी थिइन् । साँझपखको कुरा हो, गाउँका प्रमुख नवल सहनी र उनका भाइ सुनील सहनी आएर उनलाई लछारपछार गर्न थाले ।

मरणीदेवीलाई लछारपछार गर्दै गर्दा गाउँका मान्छे पनि जम्मा भए । सहनी दाजुभाइले



### 'साहसी महिला'बाट सम्मानित

बोक्सीको आरोपमा चरम यातना भोगेकी मरनी देवी साहसी महिलाकोरुपमा सम्मानित भएकी छिन् । ११२ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मटिहानी नगरपालिकाले उनलाई सम्मान गरेको हो । मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मरनीलाई साहसी महिलाकोरुपमा दोसल्ला ओढाएर ५० हजार नगदसहित सम्मान गरेका हुन् । सम्मान गर्दै नगर प्रमुख मण्डलले मरनीको साहसको प्रशंसा गरे । मरनीलाई ३० साउन २०५८ सालमा बोक्सीको आरोप लगाउँदै मलमूत्र खुवाई कटपिट गरी गम्भीर घाइते बनाइएको थियो । प्रहरीको उद्धारबाट बाँचेकी उनी त्यसपछि बोक्सी आरोपविरुद्ध जनचेतना फैलाउँदै हिँडेकी छन् । अन्धविश्वास तथा रुढिवादी परम्पराविरुद्ध लड्न समाजमा जागरुकता पैदा गर्ने अभियानमा सक्रिय भएर लागेकी हुन् ।

मरणीदेवीलाइ अन्धाधुन्ध पिटन थाले । 'मलाई आँखामा हानेकोसम्म थाहा छ, त्यसपछि केही पनि थाहा पाइँन', २० वर्ष अघिको कालो दिन सम्झिदै उनले भनिन् । बेहोस भएपछि सहनी दाजुभाइले कुटन छाडे । उनलाई अनेकथरी बोल्दै लात्तीले हाने, मुक्का प्रहार गरे, भुत्ल्याए, उचाले अनि पछारे गरे ।

मरणीदेवीका बुहारीहरूले गाउँकै अस्पतालमा लगे र उपचार गरे । उपचार गरेको पाँच दिनपछि मरणीदेवीको होस



आयो । यतिन्जेलसम्म मरणीदेवीलाई हेर्न प्रमुख जिल्ला अधिकारी आए, प्रहरी आए र बोक्सीको आरोपमा चरम यातना दिने सहनी दाजुभाइ पक्राउ परे भने झाँक्री फरार भए ।

मरणीदेवी अहिले बोक्सी प्रथाकै विरुद्ध अभियान चलाउँछिन । समाजमा पुनःस्थापित भइसकेकी मरणीदेवी केही समय काठमाडौंमा रहेका आफ्नो छोरासँग बसेपछि अहिले गाउँमै बसेर बोक्सी प्रथाविरुद्ध लागेकी छन् ।

'कानुनले पनि मलाई न्याय दिइयो', उनी भन्छिन् । अहिले उत्तराधिकारीको रूपमा मरणीदेवीले आफ्ना बुहारीलाई पनि अभियानका लाग्न प्रेरणामात्र होइन जिम्मेवारी सुम्पेकी छन् । 'सामाजिक अन्धविश्वासविरुद्ध डटेर लाग्न र सचेतना प्रवाह गर्न बुहारीलाई पनि अगाडि बढाएको छु', उनले भनिन् ।

## सम्पादकीय

# एमसीसीमा चीनको अनपेक्षित चासो

अमेरिकी विकास सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)लाई लिएर छिमेकी चीनले पछिल्ला दिन नेपालको आन्तरिक मालिममा निरन्तर प्रहार गर्दै आएको लुकेको छैन ।

५० करोड अमेरिकी डलर (करीव ६० अर्ब रुपैयाँ)को एमसीसी नितान्त नेपाल र अमेरिकाबीचको द्विपक्षीय विषय हो । तर नेपाल र अमेरिकाको द्विपक्षीय विषयमा चीनले निरन्तर प्रहार तथा हस्तक्षेप गर्दै आरहेको छ । चीनले बारम्बार एमसीसीका विषयमा टिप्पणी गरिरहे पनि अमेरिकाले भने चीनको टिप्पणीप्रति चासो दिएको छैन । नेपाल र अमेरिका दुवै चीनको टिप्पणीप्रति मौन रहँदै आए पनि द्विपक्षीय विषयमा चीनले देखाएको यो चासो र हस्तक्षेप सामान्य भने होइन ।

एमसीसीको मामिलामा अमेरिकाले आफ्नो तर्फबाट कुनै धारणा राख्नु स्वभाविकै हो तर यसबाहेक अन्य मुलुकले यसबारे अनावश्यक चासो राख्नु या बोल्नु भनेको नेपालको आन्तरिक मामिलामा हस्तक्षेप हो । दुई मुलुकबीचको सम्बन्धमा तेश्रो मुलुकले 'ओभर स्मार्ट' बन्नु अशोभनीय, अपाच्य र आपत्तिजनक हर्कत हो ।

एमसीसी संसद्बाट अनुमोदन भएपछि पनि चीनले यस परियोजनाका विषयमा चासो बढाएको पछिल्ला घटनाक्रमले देखाउँछ । चीन नेपालमा एमसीसी कार्यान्वयन नहोस् भन्ने पक्षमा रहेको चर्चाकै बीच एमसीसी अनुमोदन भएको हो । कतिपयले चीनले नेताहरूलाई एमसीसी अनुमोदन नहोस् चाहेका बुझिन्छ । अर्थात् चीन कुनै पनि हालतमा एमसीसी पास नहोस् भन्ने चाहन्थ्यो । उसको चाहनाविपरीत संसदले एमसीसी अनुमोदन

> चीनले बारम्बार एमसीसीका विषयमा टिप्पणी गरिरहे पनि अमेरिकाले भने चीनको टिप्पणीप्रति चासो दिएको छैन । नेपाल र अमेरिका दुवै चीनको टिप्पणीप्रति मौन रहँदै आए पनि द्विपक्षीय विषयमा चीनले देखाएको यो चासो र हस्तक्षेप सामान्य भने होइन ।

गरेको छ । एमसीसी अनुमोदन अघि र पछि चीनको 'मौन कूटनीति' अब मुखर र प्रखर भएको छ । रुसको युक्रेनमाथिको हस्तक्षेपकारी सैन्य दबाब, नेपालले युक्रेनको पक्षमा लिएको अडान र त्यसमा चीनको समर्थनपछि विश्व राजनीतिमा उत्पन्न नयाँ तनावले चीन पनि आक्रामक भएको छ ।

एमसीसीबारेको चिनियाँ असन्तुष्टि वेलाबखत चिनियाँ अखबारका आलेख र विश्वविद्यालयका प्राध्यापक मार्फत पनि प्रकट भइरहेको छ । चीनको बेइजिङस्थित रन्मिङ विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक वाङ यिवेईले गत कात्तिकमा दिएको एक अन्तर्वार्तामा एमसीसी नेपालभित्र खेल्ने अमेरिकी चाल भएको बताएका थिए ।

चीनले बारम्बार एमसीसीका विषयमा टिप्पणी गरिरहे पनि अमेरिकाले भने चीनको टिप्पणीप्रति चासो दिएको छैन । नेपाल र अमेरिका दुवै चीनको टिप्पणीप्रति मौन रहँदै आए पनि द्विपक्षीय विषयमा चीनले देखाएको यो चासो र हस्तक्षेप सामान्य भने होइन ।

'ऋणपासो'जस्ता केही विरोध सुनिएपनि राष्ट्रिय सहमतिसाथ चीनको महत्वाकांक्षी पूर्वाधार परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई)मा नेपालले सन् २०१७ मा हस्ताक्षर गरेको छ तर, बीआरआईको व्यवहारिक कार्यान्वयन भइसकेको छैन । नेपालको घरेलु राजनीतिको रस्साकस्सीको बीचमा बीआरआई कतै अलमलिएको मात्र छैन, 'पश्चिमा' शक्तिका लागि डार्लिङ मानिएका प्रधानमन्त्री शेरबहादुर देउवा प्रधानमन्त्री भएको दुई साता भन्दा बढी समयमा चिनियाँ प्रधानमन्त्रीले बधाई दिएको थियो । पछिल्लो समय अमेरिकाले दक्षिण एसियामा एमसीसी, इन्डो-प्यासेफिक र विपद् व्यवस्थापनजस्ता कार्यक्रमबाट बलियो उपस्थिती जनाउँदै अघि बढेको छ । 'नेपालजस्ता मुलुकमा बीआरआइ र एमसीसीका नाममा चीन र अमेरिकाले विकास, समृद्धि र आर्थिक साझेदारितामार्फत बलियो उपस्थिती जनाउन थालेका छन् ।

# विपरीत ध्रुवमा मधेशको मुद्दा र राजनीति

**विचार-विश्लेषण** भाग-१२४



उपेन्द्र झा

> अधिकारका लागि आन्दोलन गरेका पार्टीको संचालन त्यसको उद्देश्य, लक्ष्य, सिद्धान्त अनुसार हुनु पर्दछ । यसो गरेमा पार्टीभित्र अनुशासन, ईमानदारी, निष्पक्षता, लगनशीलता, कुशलता, क्षमता, क्रान्तिकारी चरित्र र बलिदानी भावनाको अनुकरणीय वातावरण रहन्छ र यसले अधिकार आन्दोलनको सही दिशा लिन्छ । नत्र भने अहिलेको जस्तो मधेशको मुद्दा एकतिर र राजनीति विपरित दिशातिर चलिरहन्छ ।

मधेश आन्दोलनको १३ वर्ष भयो । उठान भएका मुद्दाहरु शहीद जस्तो मरेका त छैनन् किनभने राजनीति स्वार्थ पूरा गर्न कहिले काँही संघीय सरकारसंग यसको प्रयोग गरेको देखिन्छ । तर मधेशीहरुको हक, अधिकार सुनिश्चित गर्न यो जीवित पनि छैन । बेलामा प्रहार गर्ने अमोघ अस्त्रको रुपमा मधेश मुद्दालाई थन्काईएको छ ।

मधेश आन्दोलन अवसरको ठूलो द्वार खोल दिएकोले अवसरवादी राजनीतिक अगुवाहरु आफ्ना स्वार्थ पूरा गर्न अग्रपंक्तिमा आउनका लागि हरेक अनैतिक बाटो रोजे । राज्य पनि यही चाहन्थ्यो । राज्यको प्रोत्साहनमा मधेशको अगुवाई गर्न दर्जनौं प्रतिस्पर्धी दलहरु खडा भए । एक अर्कासंग लडाएर मधेश मुद्दालाई निस्तेज पार्ने राज्यको चाहना पूरा हुँदै आएको छ ।

समग्र मधेश एक प्रदेश राज्यको ठूलो चुनौती साबित भएकोले यसलाई ध्वस्त पार्न नेपाली काँग्रेस, नेकपा एमाले तथा माओवादी सबै एकमत भई मधेश तथा मधेशका राजनीतिक अगुवाहरुलाई विभाजनको भड्खालोमा ल्याएर जाँके । मधेशलाई ६ टुक्रामा बाँडेर पाँच टुक्रा राज्यले आफ्नो मातहतमा राखेर ८ जिल्लाको एक टुक्रा मधेशका राजनीतिक दलहरुलाई सुम्पियो । मधेशको अन्यायपूर्ण विभाजनमा महज विरोध कार्यक्रमबाहेक दलहरुले मधेशप्रति आफ्नो नैतिक दायित्व देखाउन सकेन । ८ जिल्लाको सरकार बनाएर रमाए ।

मधेशको राजनीतिक दलहरुमा नेता भनाउँदादेखि कार्यकर्तासम्म निजी स्वार्थ कसरी पूरा हुन्छ त्यसको दावपेंचमा तल्लीन छन् । मधेशको हक, अधिकारको सुनिश्चितता होस् भन्ने चाहना राख्ने क्रान्तिकारी विचारवालाहरु या त सडान्ध बर्दास्त नगरेर बाहिर गई सके या कीडा योनिमा बस्न बाध्य भए । अनैतिक प्रवृतिको दुर्गन्धयुक्त वातावरणमा लामो समय बस्दा बानी बस्ने भएपछि सबै एउटै पाठशालाका शिक्षक र विद्यार्थी भए । बेला कुबेला पार्टीका स्वार्थ पूरा नहुँदा मधेश मुद्दा उठाएर नेतृत्व मण्डलीले अवसर प्राप्त गर्ने दक्षता भने हासिल गरेका छन् ।

चुनाव लड्ने, जसरी पनि जित्ने, सरकार बनाउने, लिप्सा पूरा गर्ने राजनीतिलाई जसरी जीवन्त राखिएको छ सोही अनुपातमा मधेश मुद्दालाई वार्गेनिङका लागि आईसीयूमा राखेको छ । जसरी सत्तासुखको राजनीतिप्रति सबै सजग र क्रियाशील रहन्छन् मुद्दाप्रति त्यतिकै उदासीन रहनु निश्चय पनि राम्रो मानिदैन । अवसर खोजेर स्वार्थ पूरा गर्ने निजी मनसाय नराखी समग्र मधेशका लागि हुनु पर्दथ्यो, त्यो भएन । राजनीतिक अगुवाहरु कै कारण मधेश यथास्थितिको अवस्थामा पुगेको छ ।

अवसरवादीहरुको जमातको कब्जामा रहेका मधेशका राजनीतिक दलहरु पनि आफ्नो अस्तित्व कायम गर्न सकि रहेका छैनन् । पार्टीका सदस्यहरुलाई बाढीका पानी जस्तो निरुद्देश्य कता बग्ने थाहा छैन । पार्टीको उद्देश्य हुन्छ, सिद्धान्त हुन्छ, एजेण्डा हुन्छ । त्योसंग कुनै सरोकार नराखी चुनाव जितेर वा पैसाले समानुपातिक सीट किनेर जनप्रतिनिधी बनेपछि पार्टीका सदस्यहरुको एकमात्र चाहना मन्त्री बन्ने हुन्छ । तछाडमछाड गरेर पनि नपाए ४० प्रतिशतको तयारीमा लाग्छ र पार्टी विभाजन गरेर मन्त्री खान पुग्छन । यो सोचभन्दा फरक कसैको सोच हुदैन ।

विचार र सिद्धान्त अंगाली राख्दा जोगी, फकीर मात्र हुन्छ । राजनीति मौजमस्तीका लागि हुन्छ, जोगी र फकीर बन्नका लागि हुँदैन । यही सोचबाट सबै प्रेरित छन् । पहिला पनि र जसपा विभाजनको बेलाको तमाशाबाट उपरोक्त पंक्ति उद्धृत छ । विभाजनको बेला महन्थ ठाकुर गुट बहुमतमा रहेको थियो । विभाजनको बेला त्यो बहुमतले उपेन्द्र यादबलाई निष्काशन गर्न सक्थ्यो । तर त्यहीबेला महन्थ ठाकुर गुट सरकारमा जाने बेला आकाँक्षीहरु सबै सरकारमा समावेश हुन नसकेकाहरु विभाजनका बेला उपेन्द्र यादब गुटमा सामेल भई महन्थ ठाकुरलाई नयाँ पार्टी दर्ता गर्न बाध्य गरि दियो । राजेन्द्र महतो, महन्थ ठाकुरका पुराना विश्वासी कार्यकर्ताहरु पनि उपेन्द्र यादवलाई नै विश्वास गरे ।

ओलीको सरकार ढल्यो । शेरबहादुर देउवाको सरकारमा उपेन्द्र यादबको पार्टी सामेल भयो । यहाँ त झन् तीनवटा यादबलाई सरकारमा सामेल गरेपछि अरु जातका आकाँक्षीहरु असन्तुष्ट भएर लोसपाका साथीभाईहरुसंग आफू पछताई रहेको गुनासा गर्छन् । पार्टीमा बस्दा पनि त्यो पार्टीको नहुनु दलीय राजनीतिको यो कस्तो बिडम्बना ! एउटा पार्टीको पनि सदस्य भएर बस्न नसक्ने भ्यागुता प्रवृतिले मधेशको मुद्दाप्रति के सम्बन्ध बनाउन सक्छ ? मधेशको हकहितप्रति कति गम्भीर हुन सक्छ ? यसकारण पनि मधेशको मुद्दा ओझेलमा परेको हो ।

पार्टीभित्र यस्तो राजनीतिक अराजकता ल्याउने पार्टी अध्यक्ष नै हुन् । पार्टीबाहिरका जित्न सक्ने व्यापारी, डनहरुलाई टिकट दिएर आफू पार्टी सीट बढाएर नाक फुलाउने तर पार्टीभित्रका ईमान्दार कार्यकर्ताहरुलाई व्यापारी, डनहरुको गुलाम बनाई दिने, उसको योगदानको अवमूल्यन गरि दिने, पार्टीभित्र उसको कुनै महत्व नदिने, चाकडी गर्न सिकाउने तर अरुको गर्न थाल्यो भने पार्टीबाट निष्कासन गर्ने, आफ्नो वरिपरि चाटुकार, चापलुसबाजको जत्था तयार गरि राख्ने, समानुपातिक सीट कि पैसावाल कि आफ्नो परिवारमा बाँड्ने प्रवृतिले पार्टीभित्र अराजक अवस्थाको सृजना हुन्छ । निजी स्वार्थ पूरा गर्ने उन्मादमा यसको नकारात्मक नतीजा आउला भन्ने किञ्चित चिन्ता हुँदैन ।

केही दिन पहिला जन प्रतिनिधीहरुले महन्थ ठाकुरलाई रुवायो भने अब उपेन्द्र यादबको पालो आउन सक्छ । पार्टीभित्र कार्यकारिणी सदस्यमा तथा संसदीय दलमा बाबुराम भट्टराईको बहुमत रहेको सुनिन्छ । पार्टीभित्रका धेरै यादबहरु बाबुराम भट्टराईको समर्थनमा छन भन्ने सुनिन्छ । पार्टी विभाजन भयो भने उपेन्द्र यादब महन्थ ठाकुर जस्तै नयाँ पार्टी बनाउने अवसर पाउला जस्तो शंका मानिसहरुले गर्न थालेका छन् । सरकारमा बहुमत यादबलाई पठाउँदा यादब पार्टीको आरोप लागेको थियो । अब त यादबले यादबलाई पनि चित्त बुझाएर राख्न नसक्ने व्यक्ति कसरी जसपाका राष्ट्रिय अध्यक्ष बन्न सक्दछ भन्ने आलोचना हुने बेर छैन ।

राजनीति गर्ने स्तर प्राप्त नहुञ्जेल सबैको यही हविगत हुन्छ । अधिकारका लागि आन्दोलन गरेका पार्टीको संचालन त्यसको उद्देश्य, लक्ष्य, सिद्धान्त अनुसार हुनु पर्दछ । यसो गरेमा पार्टीभित्र अनुशासन, ईमानदारी, निष्पक्षता, लगनशीलता, कुशलता, क्षमता, क्रान्तिकारी चरित्र र बलिदानी भावनाको अनुकरणीय वातावरण रहन्छ र यसले अधिकार आन्दोलनको सही दिशा लिन्छ । नत्र भने अहिलेको जस्तो मधेशको मुद्दा एकतिर र राजनीति विपरित दिशातिर चलिरहन्छ ।

janukjha24@gmail.com

## कांग्रेस जिल्ला अधिवेशन

# सर्लाहीमा स्थगित, सिरहामा रामचन्द्र र रौतहटमा सुनिल विजयी

काठमाडौं । सर्लाहीमा नेपाली कांग्रेसको विवाद थप पेचिलो बन्दै गएको छ । सोमबार नेतृत्व चयनका लागि मतदान हुनु पर्नेमा हुन नसकेपछि अनिश्चितकालका लागि मतदान प्रक्रिया स्थगित भएको छ । नेतृत्वका लागि संस्थापन पक्षबाट सुरेन्द्र सिंह र संस्थापन इतर पक्षबाट लक्ष्मण राय यादव मैदानमा छन् । तर शनिबार आठ बुँदे सहमति गरेर मतदानको टुङ्गो लगाएको भए पनि अचानक सोमबार संस्थापन पक्षले आचारसंहिता नमान्ने जनाएसँगै मतदान स्थगित भएको हो ।

जिल्ला निर्वाचन अधिकृत अभिवक्ता नागेश्वर प्रसाद सिंहले निर्वाचन स्थगन भएको सम्बन्धमा केन्द्रीय निर्वाचन समिति काठमाडौं र जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई वोधार्थ दिँदै आजका लागि तय भएको निर्वाचन विशेष परिस्थितिका कारण गराउन नसक्ने अवस्था सिर्जना भएकाले हाललाई अर्को सूचना प्रकाशित नभएसम्मका लागि निर्वाचन कार्य सम्पन्न गर्न गराउनका लागि तोकिएको सम्पूर्ण कार्यतालिका स्थगित



गरिएको जानकारी गराएका छन् ।

यता नेपाली कांग्रेस सिरहाको सभापतिमा रामचन्द्र यादव निर्वाचित भएका छन् । उनी लगातार दोस्रो पटक पार्टीको जिल्ला सभापति बनेका हुन् ।

यादव एक हजार ४२६ मत ल्याएर दोस्रो पटक सभापतिमा निर्वाचित भएका हुन् । सभापति पदका अर्का उम्मेदवार रामसुन्दर चौधरीले ८८७ मत प्राप्त गरे ।

निर्वाचित यादव संस्थापन पक्षका हुन् भने चौधरी संस्थापनइतर पक्षका हुन् । सोमबार भएको निर्वाचनमा दुई हजार ४७५ मत खसेको थियो । जसमा १६० मत बदर भएको निर्वाचन समितिले जनाएको छ ।

यसैगरी नेपाली कांग्रेस रौतहटको सभापति पदमा सुनिल यादव (जितेन्द्र) विजयी भएका छन् । सुनिलले अर्का उम्मेदवार हृदय नारायाण यादवलाई २ सय ९८ मतले पराजित गरेका हुन् । सुनिलले १ हजार ३६२ मत ल्याउँदा हृदयनारायण १ हजार ६४ मतमा चित्त बुझाउनु परेको थियो । संविधान सभा सदस्य समेत रहेका सुनिल संस्थापन पक्षका उम्मेदवार हुन् ।

त्यसैगरी उपसभापति पदमा सुनिल यादवकै प्यानलका धिरेन्द्र कुमार सिह र रामलोचन प्रसाद कलवार विजयी भएका छन् । सिंहले १ हजार २८७ मत र कलवारले १ हजार ३८३ मत प्राप्त गरेका छन् । यसैगरी सचिव पदमा १ हजार ३०९ मत ल्याएर राजेश कुमार चौधरी र १ हजार १४२ मत ल्याएर रामचन्द्र गिरी विजयी भएका छन् ।

चौधरी सुनिलको प्यानलबाट र गिरी हृदयनारायण प्यानलबाट चुनावी मैदानमा उत्रिएका थिए । यता सहसचिव पदमा सुनिल यादव प्यानलबाटै फिरोज आलम र सिकेन्द्र प्रसाद पटेल विजयी भएका छन् । आलमले १ हजार ३८३ र पटेलले १ हजार २४१ मत ल्याउन सफल भएका थिए ।

# साना दलले निर्वाचन चिन्ह नपाए निर्वाचनै हुन दिँदैनौं

**अलोकतान्त्रिक र असंवैधानिक तरिकाले चुनाव हुन सक्दैन । नेपालमा बहुदलीय व्यवस्था छ भने सबै दलले आफ्नो चुनाव चिन्ह प्रयोग गर्न पाउनुपर्ने हो । हामीलाई बाइकट गरे चुनाव गराउन खोज्यो भने ठूलो आन्दोलन हुन्छ र चुनाव हुने अवस्था पनि रहँदैन ।**



**धिरेन्द्र झा 'मैथिल'**
**राष्ट्रिय उपाध्यक्ष**
**नेपाल जनता पार्टी**

**० नेपाल जनता पार्टी भाजपाको भ्रातृ संगठन त होइन?**

– नेपाल जनता पार्टी २०६१ सालमा निर्वाचन आयोगमा विधिवत् रुपमा दर्ता भएको हो । भारतको भाजपासँग नेपाल जनता पार्टीको चुनाव चिन्ह संयोगवश मिल्न गएको छ । केही एजेण्डाहरु पनि दुवै पार्टीको मिल्छ । राम्रो कुराहरु अरुबाट सिक्नु नराम्रो होइन । यसको मतलब यो होइन कि हाम्रो पार्टी भाजपाको भ्रातृ संगठन हो । नेपाल जनता पार्टी आफ्नो स्वविवेकले नेपाली जनताका लागि खडा गरिएको हो ।

**० नेजपा गठन भएको लामो समय भइसक्यो, विभिन्न चुनाव भाग पनि लियो तर अहिलेसम्म एक जाा प्रतिनिधित्व देखिएको छैन । किन ओभ्mेलमा परेको होला?**

– हाम्रो पार्टी ओझेलमा परेको छैन । विभिन्न चुनावमा हामीले भाग पनि लियौं । हामी विस्तारै जनताको बीचमा पुग्दैछौं । गत चुनावहरुमा हाम्रो पार्टीले त्यो किसिमको मत ल्याउन सकेन । तर आउने चुनावमा पार्टीको अवस्था राम्रो हुनेछ । अहिलेसम्म पार्टीले ७० जिल्लामा संगठन विस्तार गरिसकेको छ ।

**० स्थानीय चुनावको तयारी कस्तो भइरहेको छ ?**

– हामीले स्थानीय चुनावको तयारीमा लागि सकेका छौं । आगामी स्थानीय चुनावमा हामीले हरेक तहमा उम्मेद्वारी दिनेछौं । यस पटकको चुनावमा जनताले हामीलाई विश्वास गर्नेछ भन्ने आशा छ । चुनावी तयारी हामी जोडतोडका साथ गरिरहेका छौं ।

**० स्थानीय चुनावमा तपाइँहरुले आफ्नो चुनाव चिन्ह त प्रयोग गर्न पाउनु हुन्न नि?**

– स्थानीय चुनावमा सबैले आआफ्नो चुनाव चिन्ह प्रयोग गर्न पाउनुपर्छ । निर्वाचन आयोगमा दर्ता हुँदा हामीले पाएको चुनाव चिन्ह लिएर चुनाव लड्न पाउनु पर्ने माग हामीले गरिरहेका छौं । त्यसका लागि हामी संघर्षमा पनि छौं । हामीले सबै सम्बन्धित पक्षलाई यसबारे ध्यानाकर्षण गराउँदै आएका छौं, ज्ञापनपत्र पनि बुझाएका छौं । चुनावन जिकिँदै गएको छ, अब हामी सशक्त रुपमा आफ्नो आन्दोलनका कार्यक्रमहरु अगाडि बढाउँछौं । हामी केन्द्रदेखि जिल्ला-जिल्लामा आन्दोलन गर्छौं । हामीलाई निर्वाचन आयोगले चुनाव चिन्ह दिनै पर्छ । यदि चुनाव चिन्ह दिइएन भने हामी चुनाव हुन्न दिन्नौं । यो निश्चित छ । हामीलाई बाइकट गरेर यिनीहरुले चुनाव गराउन सम्भव छैन ।

**० चुनाव र आन्दोलनको तयारी सँगसँगै भइरहेको छ ?**

– चुनावको तयारी त गर्नैपर्छ । हामी विश्वस्त छौं कि आयोगले हामीलाई चुनाव चिन्ह दिन्छ । यदि दिए नभने चुनाव हुन सक्दैन ।

**० यदि तपाइँहरुले चुनाव चिन्ह पाउनु भएन भने चुनाव नै हुन नदिने ?**

– अलोकतान्त्रिक र असंवैधानिक तरिकाले चुनाव हुन सक्दैन । नेपालमा बहुदलीय व्यवस्था छ भने सबै दलले आफ्नो चुनाव चिन्ह प्रयोग गर्न पाउनुपर्ने हो । हामीलाई बाइकट गरे चुनाव गराउन खोज्यो भने ठूलो आन्दोलन हुन्छ र चुनाव हुने अवस्था पनि रहँदैन । हामीले जिल्ला-जिल्लामा निर्वाचन आयोगका कार्यालयमा तालाबन्दी गर्छौं, निर्वाचनका कार्यक्रमहरु अगाडि बढाउन दिँदैनौं । शान्तिपूर्ण तरिकाले हामी आन्दोलन गर्छौं, चुनाव हुन दिन्नौं । स्थानीय तहको गत उपनिर्वाचनमा सबै दललाई आफ्नो चुनाव चिन्ह प्रयोग गर्न दिएकै थियो । तर यस पटक चुनाव चिन्ह किन नदिने ?यसको केही कारण पनि हुनुपर्‍यो नि ।

**० राष्ट्रिय दलको मान्यताप्राप्त ६ दलले मात्रै आफ्नो चुनाव चिन्ह प्रयोग गर्न पाउने निर्णय किन भएको होला?**

– राष्ट्रिय भनाउँदा ६ दलले बेइमानी गरेको हो । निर्वाचन आयोग एउटा स्वतन्त्र र निष्पक्ष संवैधानिक संस्था हो तर त्यहाँ ती दलहरुले आआफ्नो कर्मचारी भर्ना गरेर जे भन्छ त्यहीं गरिरहेका छन् । उनीहरुको सही नियत भएको भए यस्तो निर्णय गराउने नै थिएन । ती दलहरु चुनावबाट डराएर हामीलाई आफ्नो चुनाव चिन्ह प्रयोगबाट वञ्चित गर्न खोजेका छन् । जनताले आगामी चुनावमा यनीहरुलाई विश्वास गर्ने छैन ।

**० तपाइँहरु चुनाव रोक्न सक्नुहुन्छ ?**

– जनता प्रतिकारमा उत्रिन्छन् । हामी त्यसको नेतृत्व गर्छौं । सरकारसँग सेना प्रहरी छ, त्यो लगाएर पनि चुनाव गर्न सक्ने अवस्था छैन । विगतमा सरकारले धेरै बल प्रयोग गर्‍यो तर जनताको आवाजलाई दबाउन सकेन । जनताले पञ्चायती व्यवस्था, तानाशाहीतन्त्र, राजतन्त्र त फाल्यो । बल प्रयोग गर्न खोजियो भने झन् चुनाव हुन सक्दैन । त्यसैले शान्तिपूर्ण रुपमा चुनाव गराउनु छ भने सबै दललाई आआफ्नो चुनाव चिन्ह दिनैपर्छ ।

**० तपाइँहरुको चुनावी एजेण्डा के हो ?**

– हाम्रो मूल एजेण्डा भनेको नेपाल संघीय लोकतान्त्रिक हिन्दू राष्ट्र हुनुपर्‍यो । अन्य धेरै एजेण्डाहरु पनि छन् । जनजीविका र विकास निर्माणसँग जोडिएका पनि विभिन्न एजेण्डाहरु छन् । हाम्रो एक सूत्रीय मूल एजेण्डा संघीय लोकतान्त्रिर्का हन्दू राष्ट्र हो । जनताले यो मुद्दामा हामीलाई समर्थन जनाउँदै आएको छ । विश्वको एक मात्रहिन्दू राष्ट्रलाई धर्मनिरपेक्ष बनाउनु ठूलो गल्ती गरेका थिए राष्ट्रिय भनाउँदा दलहरुले । हामीले नेपालमा पुनःहिन्दू राष्ट्र हुनुपर्ने भनेका छौं । जनगणनाअनुसार नेपालमा हिन्दू धर्मावलम्बी ८३ प्रतिशत छन् । हिन्दू धर्म मान्ने सम्पूर्णले हामीलाई विश्वास गर्छन् । यस्तै, जनतासँग प्रत्यक्ष सरोकार राख्ने कुराहरु त छँदैछ । शिक्षा, स्वास्थ्य, रोजगार, सुशासन, भ्रष्टाचारको न्यूनीकरण, विकास निर्माण लगायत थुप्रै कुराहरु छन् । यस्ता कुराहरु त सबैले गर्छन् र गरेका पनि छन् तर पूरा हुन सकेको छैन । राष्ट्रिय भनाउँदा दलहरुले ती मुद्दाहरुलाई चुनाव परियोजनका लागि मात्रै प्रयोग गर्छन्, जनतालाई झुक्याएर मत तान्छन् तर सम्बोधन गर्दैनन् । हामीलाई जनताले विश्वास गरेर पठायो भने हामीले जे प्रतिबद्धता गर्छौं त्यो व्यवहारमालागू गर्छौं । जनताले प्रत्यक्ष अनुभूति गर्ने कामहरु हामीले गर्ने प्रतिबद्धता गर्दै आएका छौं ।

**० तपाइँहरुलाई जनताले किन विश्वास गर्ने ?**

– अहिलेसम्म जनताले ठूला भनाउँदा दलहरुलाई मत दिँदै आएका छन् । तर तिनीहरुले गरेका कति वाचा पूरा गरे ? जनतायसबारे चेतनशील भइसकेका छन् । नेपालमा सबभन्दा बढी सम्भावना बोकेको कृषि क्षेत्र हो, नेपाल कृषि प्रधान देश भनेर भनिन्छ । तर किसानहरु मारमा छन् । किसानका लागि केही पनि गर्न सकेको छैन । समयमा मलखाद्य उपलब्ध हुँदैन, सिंचाइको व्यवस्था छैन, आफ्नो उत्पादनको उचित मूल्य पाउँदैन । शिक्षाको अवस्था पनि त्यस्तै दयनीय छ । भ्रष्टाचार त्यतिकै मौलाएको छ । घर-घरमा सिंहदरबार भनियो तर भ्रष्टाचार मात्रै देखिन्छ । अहिलेका जनप्रतिनिधिहरु भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । जनप्रतिनिधिहरु पाँचौं वर्ष पूरा गर्दैछन् । तिनीहरुले जनताको भन्दाआफ्नो लागि मात्रै विकास गरेका छन् । पाँचवर्ष अघि चप्पल लगाउने, साइकल चढ्ने नेताहरु अहिले करोडौंको सम्पत्ति जोडिसकेका छन् । त्यसकारण जनताले आगामी चुनावमा हामीलाई अवश्य विश्वास गर्नेछ । हामीले नीतिगतरुपमा सुधार गर्दै जाने हामीसँग योजना छ । कृषि, शिक्षा, स्वास्थ्य, रोजगारका व्यवस्था गर्ने प्रतिबद्धता गर्छौं । हामी जे भन्छौं त्यो गरेर देखाउँछौं । यसका लागि जनताले हामीलाई एक पटक मौका दिनुपर्छ र दिन्छ भन्नेमा विश्वस्त छौं ।

**० चुनावमा लाखौं-करोडौं खर्च गर्नुपर्छ, पैसा बाँड्नु पर्छ अनि जनताले मत दिन्छ भन्ने गरिन्छ नि?**

– पैसामा मत किन्नु अपराधिक कार्य हो । जनताले आफ्नो स्वविवेक प्रयोग गर्छन् । विगतमा त्यस्ता विकृत्तिहरु देखा परेका थिए । तर यसपटक जनता पैसा लिएर कसैलाई मत दिनेवाला छैन । जसले लाखौं-करोडौं खर्च गरेर चुनाव जित्छ, उसले कस्तो विकास गर्छ भन्ने कुरा सबैले हेरिसकेका छन् । जनताले भोगिसकेका छन् । तिनीहरु त्यसरी जितेर आएपछि भ्रष्टाचार बाहेक अरु केही गर्न सक्दैन । अब त्यस्ता भ्रष्टाचारीहरुलाई जनताले विश्वास गर्ने छैन । अब जनता चेतनशील भइसकेका छन् ।

# रामनगर गाउँपालिका अध्यक्षमा मेरो दाबेदारी रहन्छ

**म अहिलेसम्म कुनै पदमा पुगेको छैन तर पालिकाका लागि विगत पाँच वर्षदेखि काम गर्दै आएको छु । त्यहाँका जनताले भनिरहेका छन् कि जति काम यो पालिकाका अध्यक्षले गर्न सकेको छैन, त्योभन्दा बढी काम मनिष मिश्रले गरेर देखाइ दिए ।**



**मनिष मिश्र**
**नेता, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल**

**० आगामी स्थानीय चुनावमा तपाइँ सर्लाहीको रामनगर गाउँपालिका अध्यक्षमा चुनाव लड्ने चर्चा चलिरहेको छ । के हो वास्तविकता?**

– म विद्यार्थी राजनीति गर्दै आएको थिएँ । म स्वेच्छाले पार्टीका हाइ कमाण्डहरुसँग सल्लाह गरी विद्यार्थीको अध्यक्ष छोडें । म चुनावमै भाग लिनका लागि विद्यार्थी संगठनको अध्यक्ष छोडेको हुँ । म अब पूर्णरुपले प्रत्यक्ष चुनावमा भाग लिने यसअघि नै घोषणा गरिसकेको छु । खासगरी म प्रदेशसभा सदस्यकालागि सोच बनाएको थिएँ । तर जब म आफ्नो क्षेत्रमा जाँदा त्यहाँका जनताले मलाई आफ्नो गाउँ पालिका अध्यक्षमा आउनु पर्छ भन्ने सल्लाह र सुझावहरु आउन थाल्यो । वास्तवमा जनताको सबभन्दा नजिकको जनप्रतिनिधि भनेकै पालिकाका प्रमुख वा अध्यक्ष हुन् । म प्रायः आफ्नो क्षेत्रमा नै बस्छु, त्यहाँका समस्याहरुलाई नजिकबाट हेरेको छु, जसले गर्दा त्यहाँका जनसमुदायमलाई रामनगर गाउँ पालिकाको अध्यक्ष हेर्न चाहेको मैले महसुस गरेको छु । त्यसैले गर्दा मेरो चर्चा भएको छ । तर आफैले अहिलेसम्म घोषणा गरिसकेको छैन । पार्टीले पनि मलाई त्यस्तै जिम्मेवारीमा हेर्न चाहेको प्रतिक्रियाहरु पाएको छु । त्यस्ता स्वरहरु आइरहँदा मैले यसलाई इन्कार पनि गर्न सकेको छैन । म अहिले आफ्ना पालिकाका जनसमुदायको भावना बुझिरहेको छु, आवश्यक पर्‍यो भने म अवश्य पनि अध्यक्ष पदकालागि तयार रहने छु ।

**० तपाइँ अहिलेसम्म एउटा टुंगोमा पुगि सक्नु भएको छैन ?**

– हाम्रो लोकतान्त्रिक समाजवादी पार्टी भित्र पनि सर्लाहीको रामनगर गाउँपालिका अध्यक्षका लागि चर्चाहरु भइरहेका छन्, त्यहाँका जनसमुदायले पनि त्यहीं इच्छा जाहेर गरेको मैले पाएँ । मैले यसबारे अहिलेसम्म कुनै प्रतिक्रिया जनाएको छैन । आफ्नो पार्टीमा एक पटक फेरि छलफल र सल्लाह गरेर एउटा निर्णयमा पुग्नेछु । तर पार्टी र जनसमुदायले मलाई आदेश दिनुभयो भने त्यसबाट अवश्य पनि पछि हट्ने छैन । उहाँहरुको सल्लाहलाई सम्मान गर्दै अगाडि बढ्नेछु ।

**० तर पार्टीले तपाइँलाई नै टिकट दिन्छ कसरी भन्नुहुन्छ ?**

– मलाई टिकटको लागि समस्या छैन । किनभने म पार्टीको एउटा जिम्मेवार ठाउँमा बसेर काम गर्दै आएको व्यक्ति हुँ । पार्टीप्रति वफादारका साथ काम गर्दै आएको एउटा सिपाहीको नाताले पनि मलाई टिकट दिँदैन भन्ने कुरा छैन । रामनगरका जनसमुदाय र हाम्रा पार्टीका नेताहरुले जुन किसिमको आशा मसँग गर्नुभएको छ, त्यस हिसावले अवश्य पनि मलाई टिकट दिइनेछ ।

**० रामनगरका जनसमुदायलाई तपाइँलाई जनप्रतिनिधिको रुपमा किन हेर्न चाहन्छन् ?**

– सर्लाहीको गरिबीको रेखामुनि रहेको पालिका हो रामनगर । स्थानीय चुनाव भएको पाँचवर्ष बित्दैछ । त्यति बेला हाम्रो पार्टी पनि प्रदेश सरकारमा थियो । मैले प्रदेशका मन्त्रीहरुसँग सहकार्य गरेर रामनगरमा खासगरी भौतिक संरचनाको क्षेत्रमा मैले धेरै योजनाहरु ल्याउन सफल भएँ । जितेन्द्र सोनल भौतिक पूर्वाधार मन्त्री हुँदा आफ्नो पालिकामा मैले खानेपानी बनाउँदै छु । म आफ्नो पालिकामा मेरो पहलमा बिजुली ल्याएको छु । हाम्रो पालिकामा विद्युतसमेत पुगेको थिएन । प्रदेश सरकारमार्फैत् धेरै बाटाहरु पनि बनाएको छु । विभिन्न संघ संस्थाहरुको सहयोगमा झोलुङ्गे पुलहरु बनाएँ । महिलाहरुका लागि विभिन्न किसिमका कार्यक्रमहरु ल्याएँ । त्यसैले, म कुनै पदमा नहुँदा पनि रामनगर गाउँपालिकाका लागि यति धेरै काम गरेको हुँ । त्यसैले पनि होला कि त्यहाँका जनसमुदायमलाई जनप्रतिनिधिको रुपमा हेर्न चाहनुहुन्छ । अहिले पनि त्यहाँ धेरै कुराहरुको अभाव छ । त्यहाँका जनप्रतिनिधिले गर्न नसकेक ाकामहरु मैले गरेको छु । त्यहाँ गर्नु पर्ने धेरै कामहरु छन् । त्यसका लागि सक्षम, बुझेका र जनताको भावनाअनुसार काम गर्ने प्रतिनिधिको खाँचो त्यहाँका जनताले महसुस गरेका छन् । मैले मौका पाएँ भने वास्तविक रुपमा जनतालाई महसुस हुने धेरै कामहरु गर्नेछु ।

**० यदि तपाइँ चुनाव लड्नु भयो भने गरेका प्रतिबद्धताहरु पूरा गर्नुहुन्छ ?**

– निश्चितरुपमा । किनभने मसँग भिजन छ, कुनै पदमा नहुँदा पनि धेरै उल्लेखनीय कार्यहरु गरेको छु । म चुनावमै लड्नका लागि नेता बन्न आएको होइन । म जहिले पनि जनताप्रति समर्पित रहँदै आफ्नो गाउँ-ठाउँका लागि केही गरौं भन्ने उत्साह छ । कतिपय यस्ता मान्छेहरु जो चुनाव लड्नकै राजनीतिमा आउँछन् र चुनावपछि उ कहाँ जान्छ त्यो थाहा हुँदैन । तर त्यस्तो मान्छे होइन । चुनाव भनेको त राजनीतिक व्यक्तिका लागि एउटा नियमित प्रक्रिया हो । त्यो नियमित प्रक्रिया सामना गर्न म तयार छु । म यदि चुनावमा जितेर जनप्रतिनिधि भइसकेपछि मैले गरेका प्रतिबद्धताहरु पूरा गर्न सकिएन भने जनताले फेरि अर्को चुनावमा सजाय दिनेछन् । मलाई जनताले परीक्षण गर्ने एउटा पनि समय पनि हो ।

**० तपाइँका योजनाहरु के-के छन् ?**

– म अहिलेसम्म कुनै पदमा पुगेको छैन तर पालिकाकालागि विगत पाँच वर्षदेखि काम गर्दै आएको छु । त्यहाँका जनताले भनिरहेका छन् कि जति काम यो पालिकाका अध्यक्षले गर्न सकेको छैन, त्योभन्दा बढी काम मनिष मिश्रले गरेर देखाइ दिएका छन् । किनभने मभित्र केही गर्ने चाहना छ, पैसा र पदका लागि मात्रै म राजनीतिमा आएको होइन । राजनीति भनेको जनताको सेवा गर्ने उद्देश्य हो । म पदमा रहे पनि वा नरहे पनि जनताका लागि काम गरिरहनेछु । पाँच वर्षदेखि म एउटा छायाँ सरकारको हिसावले काम गर्दै आएको छु । जनताको घर-घरमा पुगेर त्यहाँका समस्याहरु बुझेको छु र समाधान गर्ने प्रयत्न पनि गरेको छु । जसमा म धेरै हदसम्म सफल पनि भएको छु । मेरो पालिकाका समस्याहरु मलाई राम्ररी थाहा छ । ती सम्पूर्ण समस्याहरु समाधान गर्नका लागि जनताले एक पटक मलाई विश्वास गर्नेछ भन्नेमा ढुक्क छु ।

**० तर चुनाव जित्नका लागि त लाखौं-करोडौं खर्च गर्नुपर्ने हुन्छ नि?**

– चुनावमा पैसा त खर्च हुन्छ तर पैसा नै खर्च गरेर चुनावा जत्न सकिन्छ भन्नेमा विश्वास गर्दिन । पैसा खर्च हुने भनेको सामान्य रुपमा प्रचार प्रसारमा मात्रै हो । त्यसको लाखौं-करोडौं खर्च गर्नु पर्दैन । यदि म चुनावमा खडा भए भने पैसा दिएर मत किन्ने अवस्था आउँदैन । किनभने आफ्नो पालिकाकालागि मैले गरेको कामको आधारमा जनताले मलाई नै जिताउँछन् । म जनताको इच्छा र चाहनाअनुसार त्यहाँ चुनाव लड्न गइरहेको छु । मैले यदि उम्मेद्वारी दिए भने जनताले म माथि विश्वास गर्नेछन् । जो मान्छे पैसा नै कमाउनका लागि चुनाव लड्छन् भने उसले पैसा दिएर मत किन्ने प्रयास गर्छन् । त्यस्ता मान्छेहरु भोलि विकास गर्नुको साटो भ्रष्टाचार मात्रै गर्छन् । म त्यस्तो मान्छे भित्र पर्दिन । जनताकै आदेशलाई शिरोधार्य गर्दै चुनाव लड्न सक्छु ।

# मिथिला परिक्रमा : १५ दिने धार्मिक यात्रा



ललित कुमार यादव

मिथिलाको मध्यमा परिक्रमा को नामले चिनिने मिथिला परिक्रमा सम्भवत विश्वमा सबै भन्दा लामो समय सम्म चल्ने धार्मिक यात्रा मध्येको एक धार्मिक यात्रा रहेको छ। मिथिलाको राजधानी एंम धार्मिक र सांस्कृतिक भूमी लगायत विभिन्न नामले समेत परिचित रहेको ७२ कुण्ड र ५२ कुट्टीको शहर जनकपुरधामको वरिपरी पैदल यात्रा गरी परिक्रमा यात्रा सम्पन्न गर्ने गरिन्छ। यो यात्रा नेपाल र भारत को संयूक्त यात्रा रहेको छ। यस यात्रामा जम्मा १३३ किलोमिटर दुरी पैदल तय गरिन्छ। जसमा १०७ कि.मी. नेपाल तर्फ र २६ कि.मी. भारत तर्फ पर्दछ। ऐतिहासिक , पौराणि एंम धार्मिक यात्राको रुपमा परिचित मध्यमा परिक्रमा चौरासी कोषिय परिक्रमाको नामले समेत परिचित रहेको छ। परिक्रमालाइ मिथिलाको माहा–कुम्भ को रुपमा समेत लिने गरिन्छ।

प्रत्येक बर्ष भगवान राम र सिताको सम्झनामा परिक्रमा यात्रा गर्ने चलन मिथिलामा रहेको छ। जानकारहरुको अनुसार ३०० बर्ष अगाडी अर्थात १८ औं शताब्दीदेखि यो धार्मिक यात्रालाई मध्यमा परिक्रमाको रुपमा मनाउदै आएको हो। बृहत, मध्यमा र अन्तरगृह गरी तिन प्रकारको परिक्रमा मनाउने चलन रहेको छ। यस लेखमा बृहत परिक्रमाको बारेमा उल्लेख नगरिए पनि चलनमा रहेको छ। परिक्रमामा नेपाल भारत दुबै तर्फका साधु सन्त र गृहस्थहरुको उल्लेख्य सहभागिता रहने गर्छन। परिक्रमालाई नेपाल भारत को सदभावपूर्ण धार्मिक यात्राको रुपमा समेत हेर्ने गरिन्छ।

फाल्गुण औंसी मा हनुमाननगरमा विश्राम गरि प्रारम्भ भई फाल्गुण पुर्णिमामा जनकपुर अन्तरगृह परिक्रमा घुमी मध्यमा परिक्रमाको समापन हुने गर्छ। परिक्रमा अब्धीमा १५ धार्मिक स्थलमा विश्राम गर्दै १५ दिन सम्म पैदल यात्रा गर्ने गर्दछन। १५ विश्राम स्थल मध्ये ११ नेपाल र ४ भारतमा रहेको छ। सबै विश्राम स्थल विशेष धार्मिक महत्व बोकेको स्तलहरु रहेको छ। यी स्थलहरुको महत्व राम सिता विबाह सँगै राजा जनकसँग विशेष सम्बन्ध रहेको मान्यता रहेको छ। यी स्थलहरुमा राम सिता विबाहको विभिन्न विधि सम्पन्न गरिएको मान्यता रहेको छ। यी स्थलहरु पौराणिक राज्य मिथिलाको राजधानी जनकपुरको सिमाना रहेको साथै राजा जनकले भगवान शिवको पुजा गर्ने स्थलहरु समेत रहेको मान्यता रहेको छ।

जनकपुरबाट ३ कि.मी.को दुरीमा रहेको ठेरा कचुरी स्थित मिथिलाबिहारी मठबाट मिथिलाबिहारी तथा जनकपुरको अग्नीकुण्डबाट किशोरीजी को डोलाको नेतृत्वमा विभिन्न झाकी र किर्तन टोलि सहीत परिक्रमा यात्रा प्रराम्भ हुने चलन रहेको छ। परिक्रमामा विभिन्न डोलाहरुको समेत सहभागिता रहने गर्छ। परिक्रमा अब्धीभर सहभागीहरुले भजन किर्तन सहीत विभिन्न झाँखीमा सहभागी हुने र रमाउने गर्छन्।




पहिलो दिनको विश्राम स्थल जनकपुरको हनुमाननगर रहेको मिथिला परिक्रमाको दोस्रो दिनको विश्राम स्थल भारतको कलानेश्वर रहेको छ। कलानेश्वरमा शिव मन्दिर रहेको र यहा राजा जनक पुजा गर्न आउने गर्थ्यो। तेस्रो दिनको विश्राम स्थल भारतकै फुलहरको गिरिजास्था रहेको छ। गिरिजास्थानमै राम र सिताको पहिलो भेट भएको विश्वाश गरिन्छ। यहा सिता फुल टिप्न आउने गर्थिन्।

दोस्रो र तेस्रो दिनको भारत विश्रामपछि परिक्रमा यात्रा लेपालको महोत्तरी प्रवेश गर्छ। चौथो दिनको विश्राम स्थल महोत्तरीको मटिहानी रहेको छ। मटिहानीमा सिताको मटकोर भएको थियो। मटकोर मिथिलामा विबाहपूर्व गरिने एक बिधी (कुल पुजा) हो। पाँचौ दिनको विश्राम स्थल महोत्तरीको जेश्वर रहेको छ। जलेश्वर महोत्तरी जिल्लाको सदर मुकाम हो र यहा बहु चर्चित जलेश्वरनाथको मन्दिर रहेको छ। छैठौ दिनको विश्राम स्थल महोत्तरीको मडई रहेको छ। मडईमा राम र सिताको विबाह उत्सव भएको मान्यता रहेको छ। सातौ र आठौ दिनको विश्राम स्थल पनि क्रमश: महोत्तरीकै ध्रुवकुण्ड र कंचनवन रहेको छ। कंचनवनमा राम र सिताले होली खेलेको विश्वास रहेको छ।

परिक्रमा यात्राको क्रममा सहभागीहरुले कंचनवन पुगी होली खेले सँगै मिथिलामा रंगअबिर र उत्सवको पर्व होली शुरु भएको मानिन्छ।

चौथो देखि आठौ दिन सम्माको लगातार ५ दिनको महोत्तरी विश्रामपछि परिक्रमा यात्रा नेपालको धनुषा जिल्ला प्रवेश गर्छ। नवौ दिनको विश्राम स्थल धनुषाको पर्वता रहेको छ। क्षीरेश्वरनाथको दर्शन गर्दै परिक्रमा यात्रीहरु रातिको बास बस्न पर्वता पुग्ने गर्दछन। दशौ दिनको विश्राम स्थल धनुषाको धनुषाधाम रहेको छ। सिता स्वंबरको क्रममा रामले भाँचेको धनुषको अवशेष धनुषाधाममा रहेको छ। एघारौ दिनको विश्राम स्थल धनुषको सतोषर रहेको छ। यहा सतोश्वर महादेवको मन्दिर रहेको छ। बाह्रौ दिनको विश्राम स्थल धनुषाकै औरही रहेको छ।

नबौ दिन देखि बाह्रौ दिन सम्मको धनुषा विश्रामपछि पुन: परिक्रमा यात्रा भारत प्रबेश गर्छ। तेह्रौ दिनको विश्राम स्थल भारतको करुणा रहेको छ। करुणामा राजा जनक करुणा माहासागरमा डुबेको मान्यता रहेको छ। चौधौ दिनको विश्राम स्थल बिसौल रहेको छ। बिसौलमा परिक्रमा यात्रीहरुले करही बरी खाने चलन रहेको छ। मिथिलामा करही बरी विशेष समयमा खाने चलन रहेको छ। पन्ध्रौ दिनमा परिक्रमा यात्रीहरु पुन: कलानेश्वर हुदै जनकपुर आइ जनकपुरमा बास बस्ने गर्छन्। भोली पल्ट पुर्णिमाको दिन जनकपुरअन्तरगृह परिक्रमा पश्चात परिक्रमा यात्रा समापन्न हुन्छ।

मध्यमा परिक्रमामा सहभागीहरु अन्तरगृह परिक्रमामा सहभागी हुनै पर्ने मान्यता रहेको छ। अन्तरगृह परिक्रमामा सहभागी नभई परिक्रमा यात्रा सफल भएको मानिदैन साथै मध्यमा परिक्रमामा सहभागी हुन नसकेकाहरु पनि जनकपुर अन्तरगृह परिक्रमामा सहभागी भई परिक्रमा यात्रामा सहभागी हुने गर्छन्। अन्तरगृह परिक्रमामा सहभागी हुन समेत उल्लेख्य मात्रामा सहभागीहरु आउने गर्छन्। जनकपुर अन्तरगृह परिक्रमा जनकपुर वरिपरी १५ किलोमिटरको दुरी तय गर्ने यात्रा रहेको छ। यसलाई पन्चकोषीय परिक्रमा पनि भन्ने गरिन्छ। अन्तरगृह परिक्रमा समापन भएको भोली पल्ट अर्थात पुर्णिमाको भोलि पल्ट बिधिवत रुपमा होली मनाउने चलन रहेको छ तराईमा।

परिक्रमामा सहभागीहरुको सहयताको लागि विभिन्न संघ संस्था र स्थानीय बासिन्दाले नि:शूल्क स्वास्थ शिविर , खानेपानी र भोजनको व्यवस्था समेत गर्ने गरेको छ। विश्राम स्थलहरुमा यात्रीहरुको लागि विभिन्न सामाग्रीहरुको व्यवस्था गर्ने र स्वागत गर्न स्थानीय बासिन्दाको सक्रीय सहभागीता रहने गर्छ। परिक्रमामा सहभागी यात्रीहरु दिउसो एक विश्राम स्थलबाट अर्को विश्राम स्थलमा जाने , बास बस्न बास स्थानको व्यवस्था गर्ने , अस्थायी टहरा बनाउने र सञ्चालन हुने विभिन्न धार्मिक र सांस्कृतिक गतिविधीमा सहभागी हुने गर्छन्। त्यस्तै रातको समयमा भजन किर्तन लगायतको कार्यक्रममा सहभागी हुने र आराम गर्ने गर्छन्।

# बर्दिबास मेडिकल कलेजको पूर्वाधार निर्माणमा संशय

महोत्तरी। बर्सिबास मेडिकल कलेजको फाइल मन्त्रालयमा विचाराधीन रहेका बेला सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेपछि मधेश प्रदेशमा निकै खैलाबैला मच्चिएको छ। अदालतको आदेशले मेडिकल कलेज बन्छ कि बन्दैन भन्ने संशय पैदा गराएको छ।

बर्दिबास मेडिकल कलेज पूर्वाधार विकाश आयोजनाको फाइल जिल्ला र प्रदेशबाट स्वीकृत भएर केन्द्रमा अन्तिम चरणमा रहेको थियो। माटो परीक्षणदेखि वातावरणीय प्रभाव मुल्यांकनको प्रतिवेदनसमेत राखेर पठाइएको उक्त फाइललाइ वन कार्यालयले सदर गरेर केन्द्रमा अनुमोदनको लागि पठाउँदा मेडिकल कलेज बनाउन नदिन खोजिएको आशंका गरिएको छ।

संघीय सरकारको एक प्रदेश एक मेडिकल कलेजको अवधारणाअनुसार आर्थिक वर्ष २०७३/०७४ को बजेट वक्तव्यको प्रकरण नम्बर २२४ मा मधेश प्रदेशअन्तर्गत महोत्तरीको वर्दिबासमा, प्रदेश-५ को रुपन्देहीको तिलोत्तमामा र कर्णाली प्रदेशको सुर्खेतमा मेडिकल कलेज स्थपना गर्ने उल्लेख भएको थियो।

संघीय सरकारले मधेश प्रदेशको आठवटै जिल्लाको केन्द्र र अन्य जिल्लालाई समेत सहज हुने अध्ययन अनुसन्धानले निष्कर्ष निकालेपछि बर्दिवास नगरपालिकामा नै स्थान निर्धारण गरेको थियो। बागमती प्रदेशका रामेछाप, दोलाखासहित मधेश प्रदेशका सबै जिल्लाको मध्यबिन्दु बर्दिबासमा अस्पताल बनाउँदा रुखहरू मासिने कारण देखाउँदै सर्वोच्च अदालतले दिएको अन्तरिम आदेशले लाभान्वित क्षेत्रका स्थानीय खिन्न भएका छन्।

बर्दिबास नगरपालिका-४ स्थित माइस्थान सामुदायिक वनभित्र करिब ४९ हेक्टर क्षेत्रमा मेडिकल कलेजको संरचना निर्माणको लागि डीपीआर तयार भइरहेको थियो। मेडिकल पूर्वाधार निर्माण सोही ठाउँमा सुनिश्चित भएपछि वातावरणीय प्रभाव मुल्यांकनको प्रतिवेदनसमेत सम्पन्न भएको छ। प्रतिवेदनअनुसार ४९ हेक्टर क्षेत्रफलमा संरचना निर्माण गर्दा एक हजार ९६७ रुखहरू काटनुपर्ने उल्लेख भएको छ। तर, डीपीआर निर्माणको लागि परामर्श सेवाप्रदायक संस्था जेभिले भने संरचना निर्माणस्थलमा २००देखि ३०० रुख काटिन सक्ने उल्लेख छ।

यता नगरपालिकाले रुखहरू काट्दा पर्यावरणलाई असर पुऱ्याउन सकिने विषयलाई ध्यानमा राखेर यो वर्षमात्र ५० हजार बिरुवा रोपिसकेको दाबी गरिएको छ। ३ चैत २०७७ मा मधेश प्रदेशको उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव, डिभिजन वनका अधिकृतहरू, प्रदेश वन निर्देशनालयका निर्देशक लगायत उक्त मन्त्रालय, निर्देशनालयका अधिकृत र कर्मचारीहरू समक्ष मेडिकल कलेजको निर्माणको लागि अवधारणापत्रसमेत पेस गरिएको थियो।

मन्त्रालय र विज्ञहरूको सुझावअनुसार नै माइस्थान सामुदायिक वनको ५४.५८४ हेक्टर क्षेत्रमध्ये ४९ हेक्टर क्षेत्र पश्चिम पट्टि अटावे खोलाको नजिक बाक्लो जंगल नभएको ठाउँमा संरचना निर्माण हुने तयारी भए पनि आयोजना निर्माणमा मुद्दा हालेर अवरोध गर्नु षड्यन्त्र भएको हुन सक्ने स्थानीय शंकर फुयाँल बताउँछन्।

करिब ४ बर्षपछि ५ जेठ २०७८ मा डिभिजन वन कार्यालयले सव डिभिजन वन कार्यालय बर्दिबासलाई विभागको मागबम्मोजिम विवरण माग गरेको थियो। विवरण हेरिसकेपछि वन र प्रदेशबाट अनुमोदन भएको फाइल केन्द्रमा रोकेर राखिएको थियो। मेडिकल कलेज स्थपनाको पूर्व तयारीका लागि मात्र संघीय सरकारले करिब ६ करोड खर्च गरिसकेको छ भने डीपीआरको रिपोर्टअनुसार संरचना निर्माण सम्पन्न गर्न अनुमानित ३० अर्ब खर्च हुने अनुमान गरिएको थियो।

मेडिकल कलेज स्थापना भएमा अन्तर्राष्टिय स्तरको हजार बेडको अस्पताल निर्माण हुनेछ। वार्षिक सुरुका पाँच वर्षसम्म १०० जना चिकित्सक तथा १६० जना नर्सिङ जनशक्ति उत्पादन हुनेछन्। बर्दिबास मेडिकल कलेजसँगै प्रक्रिया अगाडि बढेको बुटवल मेडिकल कलेजको लागि त्यहाँको डिभिजन वन कार्यालयले तत्काल काम सम्पन गरेर विवरण पठाइ वन तथा वातावरण मन्त्रालयले जग्गा प्राप्तिको प्रस्ताव मन्त्रिपरिषदवाट स्वीकृत समेत भइसकेको छ।

तर, बर्दिवास मेडिकल कलेज स्थपनाको लागि राजनीतिक तथा व्यक्तिगत स्वार्थ हावी हुँदा आयोजना नै ओझेलमा परिरहेको स्थानीय विजय पोखरेल बताउँछन।

आयोजनाका प्रतिनिधिहरूले संघीय सरकारले बर्दिबासमा नै स्थापनाको लागि ६ करोड खर्च गरिसकेको र वैधानिक गृहकार्य समेत धेरै नै अगाडि बढिसकेको हुनाले बर्दिबासबाहेक अन्य ठाउँमा विकल्प खोज्न नसकिने अडान लिँदै आएका थिए। 'बर्दिबासमा नै मेडिकल बन्ने सुनिश्चित भएपछि डीपीआरदेखि वातावरणीय प्रभाव मुल्यांकन तथा केही रकमसमेत खर्च भइसकेको छ,' आयोजना प्रमुख देवी ज्ञवालीले भने।

बर्दिबासमा सुनिश्चित भएको मेडिकल कलेजको पूर्वाधार निर्माणमा रुख मासिने कारण देखाउँदै सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेपछि जिल्लामा अन्य ठाउँका राजनीति दलहरू मेडिकल बनाउने होडबाजीमा लागेका छन्। गौशाला नगरपालिकाले कुनै प्राकृतिक सम्पदाको दोहन नहुने गरी मेडिकल कलेज गौशालामा बनाउन तयार रहेको बताएको छ। सोमवार बसेको सर्वदलीय बैठकपछि गौशालामा नै मेडिकल कलेज बन्नुपर्ने मागसहित गौशालाको एक टोली मन्त्रालय डेलिगेसनको लागि हिँडेको छ।

नगरपालिकाको नाममा रहेको १२ सय बिघा र महोत्तरी गुठी संस्थानको नाममा रहेको ५२ बिघा जग्गा गौशालामा रहेको ध्यानाकर्षणसहित गौशालाको टोली संघीय राजधानी काठमाडौं प्रस्थान गरेको छ।

सर्वोच्चको अन्तरिम आदेशमा प्रस्तावित मेडिकल कलेजका लागि १०५ हेक्टर वन क्षेत्रका पाँच हजार ६८१ रुख कटान गर्नुपर्ने तथ्य खुल्न आएको पाइयो भन्ने उल्लेख छ। तर, प्रस्तावित क्षेत्रमा निर्धारण भएको जम्मा ४९ हेक्टर क्षेत्रफल हो। यसको धेरैजसो भाग नदी उकाश जग्गामा पर्ने हुँदा रुख, बिरुवा अत्यन्त कम मासिने सेवा प्रदायक कम्पनीको जेभीको ठहर छ। पाँच हजार ६८२ रुखहरू काटिने उल्लेख भए पनि पछिल्लो वातावरण परीक्षण मुल्यांकनमा ४०० भन्दा बढी कम रुख काटिने उल्लेख छ। पूर्वाधार निर्माणका क्रममा जरुरत पर्ने रुखमात्र काटिने हुँदा प्रस्तावित क्षेत्रमा खासै रुखहरू नै छैनन्।

## मधेश अपडेट

### मेयर, उपमेयर, वडाध्यक्षसहित हजारौं एमालेमा प्रवेश

विराटनगर। माओवादी केन्द्रबाट निर्वाचित मोरङको रंगेली नगरपालिकाका मेयर र उपमेयर वडा अध्यक्षसहित ४ हजार ७ सय १० जना नेकपा एमालेमा प्रवेश गरेका छन्। मेयर दिलिप कुमार अग्रवाल र उपमेयर केशव कुमार खनाललाई एमाले अध्यक्ष केपी शर्मा ओलीले बुधवार रंगेलीमै आयोजित एक कार्यक्रमबीच पार्टी प्रवेश गराएका हुन्। पार्टी प्रवेश गर्नेमा रंगेली नगरपालिका वडा नम्बर ७ का अध्यक्ष रामचन्द्र मण्डल र वडा नम्बर १ का महेशकुमार खनाल वडा ५ अध्यक्ष महानन्द मण्डल पनि छन्। एमालेमा प्रवेश गरेका अध्यक्ष मण्डल र खनाल पनि माओवादी केन्द्रबाटै निर्वाचित भएका हुन्। वडा सदस्य शंकर साहले पनि जनता समाजवादी पार्टी परित्याग गरी एमाले प्रवेश गरे।

### 'वर्तमान सरकार निकम्मा'

रौतहट। नेकपा एमालेका केन्द्रीय उपाध्यक्ष युवराज ज्ञवालीले वर्तमान गठबन्धन सरकार निकम्मा सरकार भएको बताएका छन्। रौतहटको चन्द्रनिगाहपुरमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा उपाध्यक्ष ज्ञवालीले यस्तो बताएका हुन्। अर्थतन्त्र डामाडोलदेखि देशका हितविपरीत काम बाहेक अरू केही गर्न नसकेको उपाध्यक्ष ज्ञवालीले आरोप लगाए। अर्को प्रसंगमा उपाध्यक्ष ज्ञवालीले माधव नेपालले एमाले पार्टी छाड्ने कुरा आफूले सोच्नै नसकेको बताए। १५ वर्ष एमाले पार्टी हाँकेका नेता नेपालले पार्टी छोड्लान् भन्ने कुनै कल्पना समेत नगरेको उनको धारणा थियो। पार्टी फुटाएर कुनै हित नहुने हुँदा अब व्यक्तिको पछि हैन नीति र सिद्धान्तको पछि लाग्न आम कार्यकर्तालाई उनले आग्रह गरे। अगुवा कार्यकर्ता भेटघाटमा बोल्दै नेता ज्ञवालीले भने, 'एमसिसीमा अब विवाद गरेर केही काम नभएको र एमसिसीमा आएको पैसालाई सदुपयोग गर्नु नै मुख्य काम हो।'

### कर्मचारीहरूका लागि सेवाकालीन तालिम

जनकपुरधाम। मधेश प्रदेश सरकारले स्थानीय तहका कर्मचारीहरुलाई सबल र सक्षम बनाउन ३५ दिने सेवाकालीन तालिम शुरु गरेको छ। प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्थानीय तहका चौथो र पाँचौ तहका कर्मचारीहरुका लागि ३५ दिने सेवाकालीन तालिम जनकपुरमा शुरु गरेको हो। ६० जना कर्मचारीहरु सहभागी रहेको उक्त तालिमको शुभारम्भ मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले गरेका हुन्। केन्द्रका कार्यकारी निर्देशक सतार अन्सारीको अध्यक्षतामा भएको शुभारम्भ कार्यक्रममा मुख्यमन्त्री राउतले स्थानीय तहका सुशासन कायम गर्दै विकास निर्माणको कार्यलाई गतिशील बनाउनुका साथै कर्मचारीहरुको वृत्ति विकासका लागि समेत तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरे। उनले स्थायी सरकारको रुपमा रहेको कर्मचारीहरु जनताको सेवकको रुपमा प्रस्तुत हुन आग्रह समेत गरे। सेवाग्राहीहरुसँग कर्मचारीले गर्ने व्यवहारबाटै सर्वसाधारण राज्यको अनुभूति गर्ने उल्लेख गर्दै मुख्यमन्त्री राउतले संयमतापूर्ण व्यवहार गर्न आग्रह समेत गरे।

### व्यापारको समस्या समाधान गरिदिन आग्रह

वीरगञ्ज। वीरगञ्जका उद्योगी व्यवसायीहरूले भारत र नेपालबीच हुने व्यापार र पारवहनमा देखिएको समस्या समाधान गरिदिन भारतीय महावाणिज्य दूतावाससँग आग्रह गरेका छन्। भारतीय महावाणिज्य दूतावास, वीरगञ्जले आयोजना गरेको 'भारत-नेपाल सीमा व्यापार' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले त्यस्तो आग्रह गरेका हुन्। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष सुवोध गुप्ताले नेपाल-भारतबीच हुने व्यापार, पारवहनका साथै नेपाली आयात निर्यातकर्ताहरूले भोग्दै आएको व्यवहारिक तथा नीतिगत कठिनाइलाई समेटेर कार्यपत्र प्रस्तुत गरे। उनले रक्सौल-वीरगञ्ज नाकालाई ह्यापी बोर्डरको रुपमा विकास गर्नुपर्ने बताए। उनले वस्तु निर्यात गर्दा अनिवार्य गरिएको प्रयोगशाला परीक्षणको झञ्झटिलो प्रक्रियाबाट मुक्ति दिन आग्रह गरे। नेपालबाट कृषिजन्य वस्तु, तेल, डाबर, नेपाल लिभरको उत्पादन भारततर्फ निर्यात हुने गरेको छ। त्यस क्रममा निर्यातकर्ताले प्रयोगशाला परीक्षण गराएको रिपोर्ट पेश गर्नुपर्ने हुन्छ। 'रक्सौलको प्रयोगशाला बन्द छ। कुनै मालवस्तु निर्यात गर्नुपर्दा कलकत्ता पठाउनुपर्ने हुन्छ। नेपालमा पनि भारतमा भएको जस्तै पहिलो श्रेणीको प्रयोगशाला छन्। उसले गरेको परीक्षण रिपोर्टलाई भारतले मान्दैन' उनले भने, 'अनावश्यक झञ्झट भइरहेको छ। बिग्रने खालको समान त प्रयोगशालाको रिपोर्ट ल्याउने क्रममा नै बिग्रन्छ। कि रक्सौलको प्रयोगशालालाई कलकत्ताको जस्तै बनाउनुपर्छ, होइन भने दुवै देशले एक अर्को देशमा गरिएको परीक्षणको रिपोर्टलाई मान्यता दिनुपर्छ।'

### मटिहानीलाई केन्द्र सरकारले दियो ५० करोड

महोत्तरी। महोत्तरीको मटिहानी नगरपालिकाको विकासका लागि संघीय सरकारले ५० करोड रुपैयाँ बजेट दिएको छ। नगरपालिकाको विकास निर्माणका लागि शहरी विकास मन्त्रालयले सघन शहरी कार्यक्रम अन्तर्गत मटिहानीलाई ५० करोड बजेट उपलब्ध गराएको हो। मटिहानी नगरपालिकाका मेयर हरिप्रसाद मण्डलकाअनुसार ऐतिहासिक, पौराणिक, धार्मिक तथा सांस्कृतिक महत्व बोकेको मटिहानीमा सडक, नाला, आयआर्जन, तालतलैया सौन्दर्यकरणलगायतको विकासका लागि संघीय सरकारले बजेट उपलब्ध गराएको हो। शहरी विकास मन्त्री रामकुमारी झाँक्रीले केही महिनाअघि मटिहानी भ्रमणको क्रममा नगरपालिकालाई ५० करोड बजेटको उपहार दिने बताएकी थिइन्। मन्त्री झाँक्रीको भ्रमणले मटिहानीलाई विकासको गतिमा अगाडि बढाउन ठूलो योग्दान दिएको मेयर मण्डलको भनाइ छ। मेयर मण्डलले भने,'मन्त्रालयबाट प्राप्त कूल बजेटको लगभग ५० प्रतिशत सडक र नालाका खर्च हुन्छ। करिब ३० प्रतिशत बसपार्क, व्यपारिक भवन, बजारको सौन्दर्यकरणमा खर्च हुन्छ। १५ प्रतिशतको हाराहारीमा तालतलैया, पोखरी संरक्षण तथा सौन्दर्यकारणका लागि बजेट खर्चिनेछ।' यस्तै करिब ५ प्रतिशत सभाहल, पुस्तकालय निर्माण गर्न लगायत अन्य कामका लागि प्राप्त भएको उनले खुलाए। गाउँगाउँलाई जोडेर नगरपालिका भित्र रिंग रोड निर्माण गर्ने योजना पनि रहेको उनले बताए।

### सरिताले जितिन् चार सय युरो

धनगढी। ११२औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा 'नेपाली महिलाहरुको विगत र वर्तमान अवस्था' शीर्षकमा आयोजित वक्तृत्वकला प्रतियोगितामा साइप्रसमा रहेकी सरिता चौधरी प्रथम भएकी छन्। प्रवासी नेपाली मञ्च, युरोप कमिटी महिला विभागले आयोजना गरेको वक्तृत्वकलामा विभिन्न देशमा रहेका १८ जना प्रतिस्पर्धीलाई उछिन्दै चौधरीले प्रथम स्थान हासिल गरेकी हुन। उनले चार सय युरो पुरस्कार हात पारेकी छन्। प्रथम स्थान हासिल गर्ने चौधरी प्रवासी नेपाली मञ्च साइप्रसको प्रवक्ता पनि हुन। भर्चुअल माध्यमबाट गरिएको प्रतियोगितामा १९ जनाको सहभागिता रहेको थियो। सो प्रतियोगितामा डेनमार्कमा रहेकी सर्मिला पाण्डेय द्वितीय, इजरायलमा रहेकी जेनिशा राई तृतीय भएका छन्। दुवै जनाले क्रमश: ३००, २०० युरो पुरस्कार प्राप्त गरे। यसैगरी, डेनमार्कमा रहेकी सविता महत्रा र युकेमा रहेकी अहिल्या कुँवरले सान्त्वना स्थान प्राप्त गरेका छन्। दुवैले एक/एक सय युरो पुरस्कार प्राप्त गरेको आयोजकले जानकारी दिएको छ।

### 'छोरीलाई छोरासरह व्यवहार गर्न आवश्यक'

वीरगंज। मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले मधेशमा छोरीमाथिको विभेद अझै कायम रहेको बताएका छन्। उनले छोरीलाई छोरासरह व्यवहार अझ पनि हुन नसकेको स्वीकारेका छन्। उनले आधी आकाश ढाकेका महिलालाई अवसरको खाँचो रहेको कुरालाई जोड दिँदै छोरासरह छोरीलाई अवसर र शिक्षा नदिँदा मधेशमा समस्या भएको बताएका हुन्। उनले प्रदेश सरकारले महिला सशक्तीकरणका लागि बेटी बचाउ, बेटी पढाऊ अभियान, छोरी बीमा कार्यक्रम जस्ता लोकप्रिय कार्यक्रम अगाडी बढाएको बताए। तेली कल्याण समाज पर्साको ५औं जिल्ला अधिवेशनको उद्घाटन समारोहलाई शनिबार वीरगन्जमा सम्बोधन गर्दै मन्त्री साहले समाज परिवर्तनसँगै राज्यसँग पहिचान, पहुँच र प्रतिनिधित्वका लागि सङ्घर्ष गर्दै समाजलाई अगाडी बढ्न आग्रह गरे। कार्यक्रममा मधेस प्रदेश सरकारका आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरत प्रसाद साहले व्यापार व्यवसायसँगै समाजको सशक्तीकरणका लागि तेली समुदाय राजनीतिमा समेत लाग्नुपर्ने कुरामा जोड दिए। कार्यक्रममा संघीय सांसद प्रमोद साह, प्रदेशसभा सदस्य राजेश्वर साह, तेली समाजका संस्थापक सदस्य एवं केन्द्रिय उपाध्यक्ष विश्वनाथ साहलगायतले आफ्नो मन्तव्य राखेका थिए।

# नारामै सीमित महिला दिवस !



गुञ्जा राय

११२औं अन्तर्राष्ट्रिय महिला दिवस नेपालमा पनि मनाइएको छ। यो दिनलाई महिला अधिकार र महिला हक माग गर्ने र महिला संघर्षको दिनको रुपमा मानिएको छ। महिलाको जुन अधिकार छ, त्यो अधिकार पुरुषको तुलनामा एउटा बराबरीको हैसियत, बराबरी र समानतामा आधारित हुनुपर्थ्यो तर त्यो समानता नभएका कारण महिलाहरुको पनि बराबरीको समानता होस्, पुरुषसरह महिलाको पनि अधिकार मिलोस्, बराबरको हैसियत होस्, बराबरको पहुँज होस् भन्ने आवाज उठाइरहेको अवस्था छ। यही महिला अधिकारका लागि ८ मार्चका दिन अन्तर्राष्ट्रिय महिला दिवसकै रुपमा मनाइरहेको छ।

हामीले पढेअनुसार, विभिन्न रिपोर्टहरुको अध्ययन अनुसन्धान गर्दा सर्वप्रथम १९०८ मार्चमा केलाडा नाम गरेको महिलाले अन्तर्राष्ट्रिय श्रम सम्बन्धि काम गर्ने, महिलाको हक, अधिकारका लागि उहाँले आवाज उठाउनु भएको थियो। १९०८ मार्चको दिन पछि १९११ देखि मार्च ८ मा महिला हक अधिकारका लागि विभिन्न विषय वस्तु र विभिन्न किसिमको नारा लिएर जुन अवस्थामा विभिन्न किसिमबाट महिलालाई पछाडि पारिएको छ, पछाडी परेको छ र विभिन्न किसिमको नारा लिएर यो ८ मार्च महिला अधिकार रुपमा मनाइरहेको छ।

यो ८ मार्चको दिन अहिलेको अवस्था हेर्दा एउटा दिवसको रुपमा हर्षोल्लास साथ मनाइन्छ। त्यस्तो अवस्थामा पनि मनाइरहेको देखिरहेको छ। विभिन्न संघ संस्था, सरकारी निकाय, गैरसरकारी संघ संस्थाहरुले पनि महिला दिवस मनाउँदै आएको अवस्था छ। तर जतिबेला हामीले अध्ययन गर्दा १९०८ मा मार्च ८ को दिन क्यारलाले एउटा श्रमबाट सोशित भएका महिलाहरुको लागि अवाज उठाएको, महिलाको पनि समान ज्याला हुनुपर्छ भनेर विरोध गरेको थियो। विभिन्न हक अधिकार हुनुपर्छ भनेर आवाज उठाएको थियो। त्यो हिसावले अहिलेको अवस्थामा मनाइरहेको अवस्था छैन। अहिले पनि महिला विभिन्न हक, अधिकारबाट वञ्चित रहेको, विभिन्न किसिमको हिंसाबाट पीडित छन्।

> नारी दिवसलाई एउटा फेसनको रुपमा नलिई गत एक वर्षभित्र यसले कतिको सार्थक परिणाम दिन सक्यो यसमा जोड दनु आजको आवश्यकता हो।

यति अवाज उठाउँदा उठाउँदै पनि घटनाहरुबाट महिला पीडित छन्, हिंसा घटिरहेका छन्। त्यो कम हुनुभन्दा वृद्धि भइरहेको देखिन्छ। जसकारण आजको दिन विभिन्न संघ संस्थाले, सरकारी निकायले महिला दिवस मनाइरहेको छ। तर एउटा हक अधिकारको लागि एउटा विषय वस्तु, घटना र विषयको लागि जुन अधिकारको लागि पछाडी पारिएको छ त्यो नारा बनाएर, नारामै सीमित रहेको अवस्था देखिन्छ। यो पालिकै नारा हेर्दा समाजिक न्याय र लैंगिक समानता, दिगो विकासको सुनिशचिता भन्ने नेपालले यो नाराको साथ ११२औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको छ।

८ मार्चको एक दिन मात्र यो नारा हामी महिलाको हक, अधिकारको कुरा गर्छौं, अवाज उठाउँछौं, सामाजिक न्यायको कुरा गर्छौं, लैंगिक समानताको कुरा गर्छौं, एक दिन मात्र गरेर हुँदैन। वर्षौंदेखि महिलालाई पछाडि पारेको अवस्था छ। पुरुषको तुलनामा बराबरीको समानता छैन। यो एक दिन मनाएर हुँदैन। विभिन्न घटनाहरुबाट पीडित छन् महिला, त्यसले न्याय कसरी पाउँछ, कसरी सम्बोधन हुन्छ भन्ने लाग्नु पर्ने हो। महिलाको राजनीतिक, आर्थिक, सामाजिकस्तरमा उसको पहुँच छैन। त्यसका लागि निरन्तर प्रयास हुनुपर्ने थियो त्यो प्रयास नभइकन एक दिन एउटा नाराको रुपमा दिवसको रुपमा मात्र मनाएर हुँदैन।

अहिलेको अवस्था हेर्दा गम्भीर्यता नै छैन्। महिलाको हक, अधिकार, न्यायको लागि जुन जवाफदेही पाएका जिम्मेवार निकायहरु छन्, उनीहरुले सम्बेदनशील भएको देखिँदैन। जुन किसिमले महिलाहरुलाई पछाडि पारिएको छ, पछाडि परेका छन् र विभिन्न किसिमको घटनाबाट हिंसामा परिरहेका छन्, त्यो हिसावले काम भएको देखिँदैन। महिलाको अधिकार सुनिश्चितताका लागि नीति, नियम, कानुन भएपनि प्रभावकारिता देखिँदैन।

एक दिन मात्र यो दिवसमा बोलेर, अवाज उठाएर मात्र हुँदैन। यो दिवस मनाइरहदा पनि एउटा फेसन बनाएको जस्तो अवस्था छ। सबै ठाउँमा त होइन तर कतिपय ठाउँमा सम्वेदनशील विषयवस्तुमा अवाज उठाएको अवस्था छ। प्राय: ठाउँमा महिला दिवसलाई फेसन जस्तो मनाइरहेको छ, जुन एउटा गम्भीर्यताको साथ आवाज उठाउनुपर्थ्यो, त्यो हिसावले देखिएको छैन।

महिलाको लागि अवाज उठाइरहेको जुन अवस्था छ, त्यो एउटा बन्द कोठाभित्र मनाइरहेको अवस्था छ। यसपालिको नाराको कुरामा सामाजिक न्याय, लैंगिक सामानताको कुरा गरिएको छ। अब लैंगिक सामानता, अधिकार र न्यायको कुरा लक्षित महिलाका बीचमा गएर गर्नुपर्छ। कुन समुदाय, कुन वर्ग परेको छ समाजिक न्याय तर्फ कुन समुदाय परेको छैन। महिलाहरुको हक अधिकारको लागि उनहरुलाई उपस्थित गर्न र उनीहरुको कहाँ-कहाँ समस्या किन यस्तो अवस्था छ अब के गर्न सकिन्छ यो किसिमको एउटा योजना, बजेटिङ, उनीहरुको उथान, सामाजिक न्याय, सामानताका लागि के-के गर्न सकिन्छ लगायतका विषयमा गम्भीर समीक्षा हुन आवश्यक छ। गम्भीर भएर त्यो विषयवस्तुमा छलफल गर्नुपर्थ्यो तर यस्तो अवस्था देखिएको छैन।

प्राय ठाउँमा अब नारा छ, नारामा अन्तरक्रिया कार्यक्रम एउटा हलभित्र मात्र भइरहन्छ। त्यसको प्रतिफल आउन सकेको छैन। हरेक वर्ष नयाँ-नयाँ नाराका साथ नारी दिवस मनाइन्छ। तर त्यो नारा व्यवहारमा कतिको लागू हुनसक्यो यसको कुनै समीक्षा वा बहस भइरहेको छैन। हामीले दिएको नारा लक्षित वर्ग कतिको लाभान्वित भयो भन्ने प्रमुख कुरा हो। तसर्थ, यो नारी दिवसलाई एउटा फेसनको रुपमा नलिई गत एक वर्षभित्र यसले कतिको सार्थक परिणाम दिन सक्यो यसमा जोड दनु आजको आवश्यकता हो। महिला पीडित, हिंसामा छन् भनेर मात्रै हुँदैन, त्यसको समाधानका विषयमा पनि लाग्नुपर्ने देखिन्छ।

*(कुराकानीमा आधारित)*




## हिन्दू राष्ट्रको अलावा अब कुनै विकल्प छैन : पिंकी महासेठ



काठमाडौं। हिन्दू परिषद् नेपालका केन्द्रीय सदस्य पिंकी महासेठले अब हिन्दू राष्ट्र नेपालको अलावा कुनै बिकल्प नरहेको बताएकी छन्। बिहीबार मधेशवाणीसँगको संक्षिप्त कुराकानीमा महासेठले सो कुरामा जोड दिएकी छन्। बहुरूपिया र विदेशी दलालहरुले नेपाललाई धर्म निरपेक्षको आडमा विखण्डन गर्न लागिपरेको आरोप उनले लगाइन्। उनले भनिन्, 'आज मुलुकमा जसरी इसाई र इस्लामिकरणसँगै धर्मानान्तरण भई रहेकोले डरलाग्दो अवस्था सिर्जना भएको छ।' मुलुक बचाउन र सम्पूर्ण नेपालीलाई एक सूत्रमा बाँध्ने सेतु हिन्दू राष्ट्र नेपाल रहेको बताएकी हुन्।

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

पुल महाशाखा

### जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं। यसले पुलको आयु घटाउँछ।

२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ। पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं।

३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं।

४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो। एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ।

## नेपाली चेली दिल्लीमा सम्मानित

नयाँदिल्ली। भारतको नयाँदिल्लीस्थित दिल्ली महिला आयोगले महिला हिंसाविरुद्ध सक्रिया एक नेपाली चेलीलाई सम्मान गरेको छ। आफू स्वयं हिंसाको शिकार भएर त्यसविरुद्ध डटेर लडेकी बुटवलकी सुशीला कँडेललाई अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा सम्मान गरिएको हो। महिला आयोगले 'अन्तर्राष्ट्रिय वुमेन्स डे अवार्ड-२०२२' बाट कँडेललाई सम्मान गरेको जनाएको छ। आयोगकी अध्यक्ष स्वाती मालिवालले उनलाई उक्त सम्मान प्रदान गरेकी थिइन्। २२ वर्षीया कँडेललाई उनका पतिले नै दिल्लीमा राखेर कुटपिट र हिंसा गर्दै आएपछि उनी त्यसबाट छुटकारा पाएर हिंसाविरुद्ध लागेकी हुन्। उनलाई पतिबाटै यौन कार्यमा लाग्न दबाब दिइएको थियो। तर, त्यस कार्यलाई अस्वीकार गर्दै कंडेलले पतिविरुद्ध लडाइँ लडेकी छन्। उनी आफ्ना पतिविरुद्ध प्रमाण जुटाएर नेपाल र भारत दुवै देशका अदालतमा मुद्दा लडिरहेकी छन्। उनले अनेकौं सामाजिक दबाब झेल्दै महिलाविरुद्धको हिंसामा आफूलाई उभ्याएकीले अन्तर्राष्ट्रिय मञ्चमा उनको सम्मान भएको किन इन्डियाका प्रमुख नवीन जोशीले बताए।

## संक्षिप्त समाचार

### महिलाको संघर्ष र उपलब्धिबारे चर्चा

वीरगंज। वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासमा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम गरिएको छ। अन्तरक्रियामा महिलाहरूको संघर्ष, उपलब्धि र पूर्वाग्रह तोड्ने तरिका र उपायहरूबारे चर्चा गरेका थिए। मधेस प्रदेशका करिब २५ प्रतिष्ठित महिलाहरुले कार्यक्रममा यस वर्षको अन्तर्राष्ट्रिय महिला दिवसको नारा 'दिगो भविष्यको लागि आज लैङ्गिक समानता' मा आफ्ना विचार राखेका थिए। सोही क्रममा उनीहरुले महिलाहरुले आफ्नो संघर्षका कथाव्यथासँगै उपलब्धिबारे चर्चा गरेका हुन्। उनीहरुले कसैप्रति पूर्वाग्रह राख्न नहुने र त्यसलाई तोड्ने उपायबारे विचार विमर्श गरेको महावाणिज्य दूतावासले जनाएको छ।

### धनुषा काँग्रेसको निर्वाचन शुक्रबार

जनकपुरधाम। नेपाली काँग्रेस धनुषाको नेतृत्व चयनका लागि बिहीबार हुने भनिएको निर्वाचन शुक्रबारका लागि सारिएको छ। काँग्रेस धनुषाको सभापति पदको लागि दोस्रो चरणको निर्वाचन बिहीबार गर्ने भनिएको थियो। तर, शुक्रबार बिहान ८ बजेदेखि तिरहुतिया गाछीमा हुने काँग्रेस जिल्ला निर्वाचन अधिकृत अरुणकुमार ज्ञवालीले जानकारी दिए।

### स्कारपिओको ठक्करबाट साइकलयात्रीको मृत्यु

रौतहट। गढीमाई नगरपालिका-८ स्थित सडकमा डब्लु बी ४० जेड ३८२० नम्बरको स्कारपिओको ठक्करबाट साईकलयात्रीको मृत्यु भएको छ। माधवनारायण नगरपालिका-६ बस्ने ४५ वर्षीय सुरेन्द्र पंडितको शुक्रबार राति मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएका उनको झाझपुलस्थित ग्राण्डी हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको हो। साथै सोही स्कारपिओको ठक्करबाट घाइते भएका साईकलयात्री माधवनारायण नगरपालिका-६ बस्ने ३५ वर्षीय सुरेन्द्र साहको सोही अस्पतालमा उपचार भइरहेको छ।

### ब्राउनसुगरसहित एक जना पक्राउ

बाँके। नेपालगंज उपमहानगरपालिका-१ धम्बोझीमा माही किराना पसल संचालन गरी बस्ने सकिल कुरेसिलाई लागूऔषधसहित पक्राउ गरिएको छ। ४ ग्राम ९ सय मिलीग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थसहित बुधबार दिउँसो उनलाई प्ररहीले पक्राउ गरेको हो। उनको पसलमा लागूऔषधको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनको पसल तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो।

### डुबेर किशोरीको मृत्यु

कैलाली। गोदावरी नगरपालिका-४ गोदाबरी पुलस्थित गोदावरी नदीमा डुबेर सोही नगरपालिका-२ बस्ने मिन बहादुर खड्काको छोरी १५ वर्षीया खेमा खड्काको बुधबार मृत्यु भएको छ। नदीमा नुहाउने क्रममा डुबेर अशक्त भएकी उनको पदमा अस्पताल अत्तरी हुँदै सेती प्रादेशीक अस्पताल धनगढीमा थप उपचारको क्रममा मृत्यु भएको हो।

### लागूऔषध र पेस्तोलसहित ३ जना पक्राउ

बाँके। खजुरा गाउँपालिका-१ बहादुरपुरबाट करिब ९० ग्राम अवैध लागू औषध ब्राउनसुगर र म्यागिजन नभएको १ थान अटोमेटिक पेस्तोल सहित ३ जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा खजुरा गाउँपालिका-१ बहादुरपुर बस्ने २५ वर्षीय गल्क्षी भन्ने रबिन्द्र थापा, सोही गाउँपालिका-२ बस्ने २७ वर्षीय मनिस थापा र नेपालगंज उपमहानगरपालिका-१३ भृकुटीनगर बस्ने २८ वर्षीय सुरेश रोका मगर रहेका छन्। रबिन्द्रले आफ्नै घरमा लागूऔषधको कारोबार गरिरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी राधापुर र ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले रबिन्द्रको साथबाट उक्त लागूऔषध र घरमा लुकाइ राखेको उक्त पेस्तोल फेला पारी रबिन्द्र तथा उनीसँग कारोबार गर्ने मनिस र सुरेशलाई समेत पक्राउ गरेको हो।

### महिला उद्यमिलाई तालिम

विराटनगर। नगदरहित कारोबार तथा डिजिटलाईजेशनको क्षेत्रमा महिला उद्यमीहरुलाई थप सशक्त बनाउन विराटनगरमा १ दिने तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। ई-सेवाको आयोजनामा बुधबार मोरङ व्यापार संघमा उक्त कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा मोरङभरिका महिला उद्यमीहरुको सहभागिता रहेको थियो। कार्यक्रममा उनीहरुलाई ई-सेवाको सेवा/सुविधा र अनलाईन भुक्तानी पद्धतिबारे जानकारीमुलक तालिम प्रदान गरिएको थियो। उनीहरुलाई ई-सेवाको कार्यपद्धति, प्रयोग र यसले पुऱ्याउने सहयोगको सम्बन्धमा कार्यपत्र समेत प्रस्तुत गरिएको ई-सेवाका विराटनगर शाखा प्रमुख झलक सुब्बाले बताए। कार्यक्रममा मोरङ जिल्लाभरिबाट ३६ जना महिला उद्यमीहरुको सहभागिता रहेको उनले जानकारी दिए।

### मोटरसाइकलको ठक्करबाट हबल्दारको मृत्यु

बाँके। मोटरसाइकलको ठक्करबाट प्रहरी हबल्दारको मृत्यु भएको छ। नेपालगञ्जको राँझा चोकमा मोटरसाइकलले ठक्कर दिँदा दुर्घटनामा दुई जना घाइतेसमेत भएका छन्। नेपालगञ्जबाट कोहलपुरतर्फ जाँदै गरेको भे१०प ४७५७ नंको मोटरसाइकलले सोमबार राति नेपालगन्ज उपमहानगरपालिका-२० राँझा चोकमा 'ड्युटी'मा खटिएका प्रहरी हवल्दार भूपेन्द्रबहादुर शाही र प्रहरी जवान नरेशकुमार चौधरीलाई ठक्कर दिएको थियो। मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते हुनुभएका अस्थायी प्रहरी पोष्ट राँझा बिटमा कार्यरत शाहीको शिक्षण अस्पताल नेपालगञ्जमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। बाँसगढी नगरपालिका-६ बर्दिया निवासी शाहीको उपचारको क्रममा सोमबार राति मृत्यु भएको थियो भने प्रहरी जवान चौधरी र मोटरसाइकल चालकको अवस्था सामान्य रहेको छ।

### सुधार केन्द्रबाट भागेका युव मृत फेला

विराटनगर। विराटनगरमा रहेको एक सुधार केन्द्रबाट भागेका युवा मृत अवस्थमा फेला परेका छन्। विराटनगर -२ मा रहेको स्पर्श नेपाल नामक सुधार केन्द्रबाट मंगलबार दिउँसो भागेका धरान १६ का २५ बर्षिय दिलेन्द्र परियार मृत अवस्थामा भेटिएका हुन्। सुधार केन्द्रमा सरसफाई गर्ने समयमा उनी भागेका थिए। भाग्ने क्रममा विराटनगर र कटहरी गाँउपालीका हुदै बग्ने सिघिया खोलामा डुवेको अवस्थामा बुधबार दिउसो मृत अवस्था परेका हुन्। सुनसरीको ईहटरीबाट आएको सशस्त्र प्रहरीको गोताखोर टोलीले सिघिया खोलाबाट परियारको शव बाहिर निकालेको थियो।

### बुटवलमा कृषि मेला हुने

रुपन्देही। बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीले आगामी चैतमा विशिष्टिकृत 'कृषि मेला-२०७८' गर्ने भएको छ। संघको हालै बसेको कार्यसमिति बैठकले कृषि मेला गर्ने निर्णय गर्दै त्यसको लागि कार्यसम्पादन समिति र विभिन्न उपसमिति गठन गरिएको संघका महासचिव बिमलराज भट्टराईले जानकारी गराए। संघका अध्यक्ष उज्ज्वलप्रसाद कसजूको अध्यक्षतामा बसेको बैठकले व्यवसायिक कृषि, कृषिमा प्रविधि, कृषि उपकरण, कृषि उत्पादनलाई जोड दिँदै आगामी चैत १० देखि १४ गतेसम्म कृषि मेला-२०७८ गर्ने निर्णय गरिएको हो। पाँच दिनसम्म सञ्चालन गरिने कृषि मेलामा कुल ४५ स्टल राखिने छ। मेलामा कृषि तथा पशुपालन सम्बन्धि विशिष्ट उत्पादनको प्रदर्शनी गरिने जनाइएको छ।

### तास खेलिरहेका ४ जना पक्राउ

कैलाली। धनगढी उपमहानगरपालिका-४ बोराडाडी बस्ने शेर सिह ठगुन्नाको किराना पसलमा तास खेलिरहेको अवस्थामा ठगुन्ना सहित ४ जनालाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। उक्त पसलमा जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा वडा प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३२ हजार २ सय ५० रूपैयाँ र १ थान चेक सहित पक्राउ गरेको हो।

# चीनको अघोषित नाकाबन्दी, यस्तो छ नाकाहरुको अवस्था

काठमाडौं । नेपाल र चीनबीचको सम्झौताअनुसार यतिबेला ६ वटा नाका सञ्चालनमा आउनुपर्ने हो । तर, जसोतसो सञ्चालित दुई नाका 'तातोपानी' र 'रसुवागढी' पनि कहिले खुल्ने त कहिले बन्द हुने अवस्था छ ।

पछिल्लो समय तातोपानी नाका त बन्द प्रायः नै छ । अर्को नाका रसुवा (केरुङ) बाट पनि दैनिक पाँच/सात कन्टेनरमात्र आयात भइरहेको छ । दुई मुलुकबीच सन् २०१६ मा पारवहन ढुवानी सम्झौता भएको थियो । त्यसलाई कार्यान्वयन गर्न सन् २०१९ को अप्रिल २९ तारिखमा नेपाल-चीन पारवहन ढुवानी प्रोटोकल भयो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार उक्त सम्झौतापछि ६ वटा नाकामार्फत नेपालले चीनसँग आयात–निर्यात कारोबार गर्न पाउने सुविधा प्राप्त गरेको थियो । तर, सिन्धुपाल्चोकस्थित तातोपानी कोदारी-जाङमु र रसुवास्थित केरुङ-रसुवागढीमार्फत मात्र व्यापारिक कारोबार हुँदै आएको छ । तातोपानी र रसुवागढी नाकाबाट पनि नेपालले चाहेअनुसार पर्याप्त मात्रामा द्विपक्षीय कारोबार भने गर्न पाएको छैन् ।

'हामीले चीनसँग आर्थिक कारोबार गर्न हालसम्म ६ वटा नाका पाएका छौं', उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका एक अधिकारी भन्छन्, 'तर, लामो समयदेखि तातोपानी र रसुवागढी नाका पनि व्यवस्थित रूपमा सञ्चालन हुन सकेको छैन् । यस्तो अवस्थामा अन्य नाकाबाट आर्थिक कारोबार गरौंला भनेर तत्कालै विश्वस्त हुने आधार छैन् । पूर्वाधार र सूचारु भएकै नाकामा त कहिले खुल्ने र कहिले बन्द हुने अवस्था छ । अन्य नाकाको कुरै नगरौं ।'

ती अधिकारीका अनुसार नाका सञ्चालन गर्न सरकारको पहल पुगेको छैन भने चीनले पनि चासो देखाएको छैन । यी नाका गुल्जार रूपमा सञ्चालनमा आउन अझै केही वर्ष कुर्नुपर्ने उनको ठम्याइ छ । चीनको सिगात्से जिल्लाअन्तर्गत जाङ्मु-तातोपानी, केरुङ-रसुवागढी र लिजी-नेचुङ् नाका पर्छन् ।

विभिन्न बहानामा अवरुद्ध हुँदै आएका तातोपानी र रसुवागढी नाका अहिले पनि करिब/करिब ठप्प अवस्थामा छन् । चिनियाँ पक्षले कोभिड–१९ प्रोटोकलको बहानामा कुनै दिन पाँचदेखि आठ त कुनै दिन तीनदेखि ६ कन्टेनर सामानमात्र आयात गर्न दिएको छ ।

यसले गर्दा नेपाली उद्योगी र व्यापारी निकै अप्ठ्यारोमा परेका छन् । अर्बौंको लगानी डुवेपछि नेपालका उद्योगी/व्यापारीले पछिल्लो दुई वर्षदेखि प्रधानमन्त्री, अर्थमन्त्री, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्री, परराष्ट्रमन्त्रीसहित सम्पूर्ण राजनीतिक दलका शिर्षस्थ नेतासम्मलाई हारगुहार गरिसकेका छन् । तर, हालसम्म पनि समस्या समाधान नभएको आयातकर्ता, उद्योगी र व्यापारीहरुको गुनासो छ ।

नेपालले चीनसँग आर्थिक कारोबार गर्न हालसम्म ६ वटा नाका पाएको छ । तर, लामो समयदेखि तातोपानी र रसुवागढी नाका पनि व्यवस्थित रूपमा सञ्चालन हुन सकेको छैन् । यस्तो अवस्थामा अन्य नाकाबाट आर्थिक कारोबार गरौंला भनेर तत्कालै विश्वस्त हुने आधार छैन् । पूर्वाधार र सूचारु भएकै नाकामा त कहिले खुल्ने र कहिले बन्द हुने अवस्था छ । अन्य नाकाको कुरै नगरौं ।

'अब त भन्न र बोल्न पनि छाडिसक्यौं । भन्न पनि लाज लाग्न थाल्यो । चीन सरकारले अघोषित रुपमा लगाएको नाकावन्दीका कारण हामी नेपाली व्यवसायी त सडकमै पुगिसक्यौं,' नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष नरेश कटुवालले भने, 'हाम्रो समस्या समाधान गर्न सरकारले नै चासो देखाएनको छैन ।' कोभिड सुरु हुनुअघि रसुवा नाकाबाट दैनिक एक सय र तातोपानीबाट भुकम्पअघिसम्म सोही संख्यामा कन्टेनरसहितको सामान आउने गरेकामा हाल तातोपानीबाट दैनिक पाँचदेखि सात र रसुवागढी नाकाबाट सातदेखि आठ कन्टेनर समानमात्र आइरहेको छ ।

नेपाल-चीन व्यापारका लागि तातोपानी मुख्य नाका हो । तर, विभिन्न बहानामा पटक-पटक अवरुद्ध भएपछि त्यसको विकल्पका रूपमा रसुवागढी नाका खुला गरिएको थियो । चीनसँग वार्षिक २० अर्ब रुपैयाँभन्दा बढीको आयात र तीन अर्ब मूल्यबराबरको मालसमान निर्यात हुँदै गरेकोमा पछिल्लो समय चीनतर्फको निर्यात शुन्य अवस्थामा पुगेको छ ।

नेपाल हिमालय सीमापार बाणिज्य संघका अध्यक्ष बच्चु पौडेलका अनुसार चीनको ति दुवै नाकामार्फत पर्याप्त मात्रामा कन्टेनर सडक मार्ग हुँदै आउन नपाउँदा नेपाली आयातकर्ता, उद्योगी र व्यापारीको अर्बौं लगानी डुबेको छ । पौडेलकै शब्दमा भन्नुपर्दा चीनले द्विपक्षीय व्यापारमा 'अघोषित नाकावन्दी' नै लगाएको छ ।

पौडेलका अनुसार औषतमा अहिले ति दुबै नाकामार्फत दैनिक आठदेखि १२ कन्टेनर सामान मात्रै आइरहेको छ । 'चीनबाट सामान आउन त आउँछ तर, व्यापारीले चाहेको संख्यामा कन्टेनर समयमै आउन सकेको छैन' उनी भन्छन् । चीनियाँ अधिकारीले कहिले भुकम्प, कहिले कोभिड त कहिले बिदाको बहाना झिकेर वैदेशिक व्यापारको बाटोमा अवरोध गर्दै आएका छन् ।

पौडेलका अनुसार २०७२ सालको वैशाखपछि चीनियाँ अधिकारीले ति दुवै नाकामा कडाई गऱ्यो । कोभिड महामारी फैलिएसँगै चीनले द्विपक्षीय व्यापार सम्झौता विपरित पुनः ति दुवै नाका ठप्पप्रायः नै पारेका छन् । कहिले पूर्ण रुपमा बन्द गर्ने त कहिले केही खुकुलो गरी नाका सुचारु गर्ने चीनको एक नीतिका कारण नेपाली व्यापारीको कारोबार ठप्पजस्तै बनेको छ । समस्या समाधानका लागि दर्जनौं पटक द्विपक्षीय रुपमा कुटनीतिक छलफल र बैठकहरु भए । तर, समस्याको समाधान भने अहिलेसम्म भएको छैन ।

ति दुवै नाकामार्फत सडक मार्ग हुँदै आउने मालसमानको कन्टेनर पर्याप्त मात्रामा आउन नसकेपछि भुकम्पको समयदेखि व्यापारीले बैकल्पिक बाटो चीनको ग्याञ्जो, संघाई, स्याङजेन, फुजाङ, बेइजिङस्थित सामुद्रिक मार्गबाट सामान आयात गर्न थाले । यो क्रम अहिले पनि जारि छ । 'सामुद्रिक मार्गको प्रयोग गरी शिपमेन्टबाट सामान ल्याउन पनि निकै झण्झटिलो छ,' पौडेलले भने, 'तीन महिनाअघि बुक गरेको समान शिपमेन्टबाट कोलकात्ता बन्दरगाह हुँदै बीरगञ्ज वा विराटनगरसम्म ल्याउँदा झण्डै अढाई महिना लाग्छ ।'

तातोपानी नाका बन्दको अवस्था

१. २०७२ वैशाखदेखि २०७६ जेठ १४ गतेसम्म (भुकम्पले पूर्वाधार क्षतिग्रस्त हुँदा बन्द) / २. २०७६ माघ १५ देखि २०७७ असार २७ गतेसम्म (कोभिड–१९ महामारीका कारण बन्द) / ३. २०७७ असारदेखि २०७७ कात्तिकसम्म ( कहिले खुल्ने कहिले बन्द)

४. २०७७ माघ ७ देखि माघ २७ गतेसम्म ( तातोपानीस्थित मितेरी पुलमर्मतका लागि बन्द) / ५. २०७७ माघ ३० देखि फागुन ८ गतेसम्म (पर्व मनाउन कामदार र कर्मचारी बिदामा बस्दा बन्द) / ६. हाल कोभिडसहित विभिन्न वहानामा कहिले खुल्ने कहिले बन्द हुने

निकै लामो समय लाग्ने भएकाले व्यापारीलाई चीनबाट सामान ल्याएर कारोबार गर्नु भनेको निल्नु न ओकल्नुजस्तै बनेको छ । 'जाडोको सामान वर्षातको सिजनमा आइपुग्छ । गर्मिको सामान जाडो महिनामा आइपुग्छ । कति सामान त सडेको, मक्किएको, च्यातिएको अवस्थामा आइपुग्छ । यस्तो अवस्थामा कसरी व्यापार गर्नु ?,' नेपाल राष्ट्रिय व्यवसायी महासंघका अध्यक्ष कटुवालले भने, 'चीनसँगको व्यापार हाम्रा लागि अभिश्रापजस्तै बन्यो ।'

गत असारमा लोड भएको मालसामान अहिले बल्ल कन्टेनरमार्फत आइरहेको कटुवालले जानकारी दिए । तातोपानी र रसुवा नाका हुँदै सडक मार्गबाट समान आयात गर्दा झण्डै २० देखि २५ दिन लाग्छ । कटुवालका अनुसार कोभिड अघिसम्म केरुङहुँदै रसुवा नाकाबाट दैनिक एक सयको संख्यामा सामानसहितको कन्टेनर आउँथ्यो । 'पर्याप्त सामान समयमा नआएर व्यापार नहुँदा बैंकको ऋण तिर्न नसकेर व्यापारीहरु सडकमा पुगिसके,' कटुवालले दुःखेसो पोखे ।

चीन र तिब्बत सरकार कोभिडप्रति बढी गम्भीर भएकाले आयात निर्यात प्रक्रिया असहज भएको मन्त्रालयका अधिकारीहरु बताउँछन् । चीनले शून्य कोभिडको नीति लिएर आयात निर्यात व्यापारमा कडाइ गरेको मन्त्रालयको दाबी छ ।

व्यापारी, उद्योगी र आयातकर्ताले चीनले वैदेशिक व्यापारका लागि हाल सञ्चालनमा रहेका तातोपानी र रसुवा नाकामा चीनले अघोषित नाकावन्दी गरी नेपाली व्यापारलाई धरासायी बनाएको आरोप लगाइरहँदा उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता डा. नारायणप्रसाद रेग्मीले भने ति दुवै नाकाबाट मज्जैले व्यापार भइरहेको दाबी गरेका छन् । 'ति दुवै नाकाबाट मज्जाले समानसहित दैनिक १०-१२ वटा कन्टेनर आइरहेको छ । कुनै पनि नाका ठप्प छैन्,' प्रवक्ता रेग्मीले भने, 'त्योभन्दा बढी कति आउनु पर्यो । त्योभन्दा बढी आयात हुने सामान राख्ने क्षमता नै बन्दरगाहमा छैन् ।'

सुस्त गतिमा दुई नाकामा सुचारु

सन् २०१६ मा भएको नेपाल-चीनबीच पारवहन ढुवानी सम्झौता र उक्त सम्झौता कार्यान्वयन गर्न सन् २०१९ अप्रिल २९ तारिखमा भएको नेपाल-चीन पारवहन ढुवानी प्रोटोकल सम्झौता अनुसार नेपालले नेपालले चीनतर्फको ६ वटा नाकामार्फत पारवहन ढुवानी गर्न सक्ने व्यवस्था गरिएको छ । उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार पारवहन प्रोटोकल सम्झौता (ट्राफिक इन ट्रान्जिट) अनुसार ६ वटा नाकामार्फत नेपालले चीनसँग आयात निर्यातसम्बन्धी कारोबार गर्न पाउने सुविधा प्राप्त गरेको छ ।

तर, हालसम्म सुस्त गतिमा दुईवटा नाकामार्फत मात्रै व्यापारिक कारोबार भइरहेको छ । कोभिड–१९ को महामारी फैलिएपछि चीनले झन पछिल्लो समयमा नेपालबाट चीनतर्फ हुँदै आएको निर्यातसम्बन्धी कारोबार ठप्पै पारेको छ ।

सम्झौता भएको ६ नाकामध्ये नेपालले हाल सिन्धुपाल्चोकस्थित तातोपानी (कोदारी)-जाङमु नाका र रसुवास्थित केरुङ-रसुवागढी नाकामार्फत व्यापारिक कारोबार गर्र्दैआएको छ । यो दुई नाकाबाट पनि नेपालले चाहेअनुसारको पर्याप्त द्विपक्षीय कारोबार भने गर्न पाएको छैन् । हाल सञ्चालनमा रहेका तातोपानी र रसुवागढी नाकासम्म दुई लेनको सडकमार्ग नहुँदा आयात निर्यातसम्बन्धी अवागमन गर्न निकै कठिनाई छ । यि दुई नाकाबाहेक नेपालले हुम्लास्थित यारी भञ्ज्याङ-पुराङ, मुस्ताङस्थित नेचुङ-लिजी, संखुवासभास्थित किमाथाँका-चेम्पाङ र ताप्लेजुङस्थित ओलाङचुङगोला-रियो नाका अझै प्रयोग गर्न पाएको छैन् । रसुवा, तातोपानी र यारी भञ्ज्याङ-पुराङ नाकामार्फत नेपालले चीनसँग द्विपक्षीय व्यापारसहित तेश्रो मुलुकसँग अन्तर्राष्ट्रिय व्यापारसमेत गर्न सक्ने सुविधा पाएको छ ।

यसैगरी नेचुङ, किमाथाँका र ओलाङचुङगोला नाकामार्फत नेपालले चीनसँग द्विपक्षीय व्यापार गर्न पाउने सुविधा पाएको छ । 'चीनसँग आर्थिक कारोबार गर्न हामीले हालसम्म ६ वटा नाका पाएका छौं,' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका एक उच्च अधिकारी भन्छन्, 'तर, लामो समयदेखि तातोपानी र रसुवागढी नाका त व्यवस्थित रुपमा सुचारु हुन नसकेको अवस्थामा अन्य नाकाबाट आर्थिक कारोबार गरौंला भनेर तत्कालै विश्वस्त हुन आवश्यक छैन ।'

ति अधिकारीका अनुसार नाका सञ्चालनका लागि सरकारबाट पनि भरपर्दो लबिङ नहुनु र चीनले पनि चासो नदेखाउनुले नाकाहरु गुलजार रुपमा सञ्चालनमा आउन अझै केही बर्ष कुर्नु पर्नेछ । चीनको सिगात्से जिल्लाअन्तर्गत जाङमु-तातोपानी, केरुङ-रसुवा र लिजी-नेचुङ नाका पर्छन् ।

बाँकी नाकाको अवस्था

यारी भञ्ज्याङ-पुराङ नाकालाई हिल्सा नाकाको नामले पनि चिनिन्छ । यो नाका सञ्चालन गर्न नेपालतर्फ कर्णाली करिडरअन्तर्गतको सडक खण्ड, भौतिक पूर्वाधार र कर्मचारीको व्यवस्थापन हालसम्म भएको छैन् ।

चीनतर्फ भने भौतिक पूर्वाधारका साथै सडक सञ्जाल विस्तार भइसकेको छ । यो नाकाबाट व्यवसायिक रुपमा कारोबार नभए पनि स्थानीय तहका बासिन्दाहरु सानो परिमाणमा किनमेल गर्न ओदोर दोहोर गर्दैआएका छन् ।

यस्तै अवस्था छ, लिजी-नेचुङ नाकाको । यो नाकालाई पनि कोरला उपनामले चिनिन्छ । चीनतर्फ सडक मार्ग र भौतिक पूर्वाधार निर्माण भए पनि नेपालतर्फ सडक सञ्जाल नपुगेकाले यो नाका पनि सम्झौता भएर पनि व्यवसायिक रुपमा प्रयोग गर्न सकिएको छैन् ।

मुस्ताङ र चीनलाई जोड्ने व्यवस्थित नाकाको रुपमा यसलाई लिइए पनि अत्याधिक हिमपात र बाढी पहिरोका कारण यो नाका प्राकृतिक रुपमा त्यति सहज भने देखिएको छैन् । यो नाकामार्फत स्थानीय बासिन्दाले थोरबहुत किनमेल गर्दै आएका छन् । यो नाका उत्तरी छिमेकी मुलुक चीन र दक्षिणी छिमेकी मुलुक भारतको सुनौलीलाई जोड्ने सबैभन्दा छोटो दूरीभित्र पर्छ ।

व्यवसायिक रुपमा प्रयोगमा आउन नसकेको अर्को नाका हो, किमाथाँका-चेम्पाङ नाका । हालसम्म स्थानीय बासिन्दाहरु ओदोर/दोहर गरी किनमेल गर्दै आएको यो नाकासम्म पुग्न पनि गोरेटो बाटो मात्रै बनेको छ । चीनतर्फ भौतिक पूर्वाधार र बाटो निर्माण भएपनि नेपालतर्फ भने सुस्त गतिमा भौतिक पूर्वाधारको काम भइरहेकाले यो नाका पनि प्रयोगमा आउन सकेको छैन ।

नेपालतर्फ दुई/तीन खण्डमा सडक विस्तार भइरहेको र १७ किलोमिटर खण्डमा उच्च पहाड भएकाले सडक खन्न कठिनाई भएको उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको भनाई छ । उच्च न्युनतम तापक्रमका कारण यो नाकामार्फत अनुकुल मौसममा मात्रै व्यापार मात्रै गर्न सकिन्छ । केपी शर्मा ओली प्रधानमन्त्री हुँदा उनले उक्त नाका सकेसम्म चाँडै सञ्चालनमा ल्याउन सरकारी अधिकारीलाई निर्देशन दिएका थिए ।

यो नाका प्रयोग गरी तीन सय ५० किलोमिटरको दूरी पार गरी बिराटनगर पुग्न सकिने भएकाले प्रदेश १ र मधेश प्रदेशका लागि यो नाका आर्थिक र व्यापारिक रुपमा महत्वपूर्ण हुनसक्छ । यो नाका नेपाल हुँदै चीन र भारतलाई जोड्ने अर्को सबैभन्दा छोटो दूरीको प्रस्तावित मार्गको रुपमा रहेको छ ।

यसैगरी रियो-ओलाङचुङगोला नाका पनि स्थानीयस्तरमा ससाना हाटबजार सञ्चालन गर्ने, दुवै मुलुकका बासिन्दा अनौपचारिक रुपमा ओहोरदोहोर गरी किनमेल गर्ने नाकाको रुपमा मात्रै सिमित बनेको छ । यो मार्गबाट चौरीमार्फत ससानो परिमाणमा व्यापार भइरहेको छ । यो नाकाको चीनतर्फ भौतिक पूर्वाधारको काम सकिएपनि नेपालतर्फ भने सडक मार्गको काम पनि सुरु भएको छैन् । -दरौंदी डटकमबाट

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**
**नगरप्रमुख**
**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, मधेश प्रदेश**

**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**
**नगरप्रमुख**
**मटिहानी नगरपालिका, महोत्तरी, मधेश प्रदेश**

# गण्डकीका मुख्यमन्त्रीको मधेश प्रदेश भ्रमण



जनकपुरधाम । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल मधेश प्रदेश भ्रमणमा आएका छन् । बुद्ध एयरले सुरु गरेको जनकपुर-पोखरा सिधा हवाई सेवाको अवसरमा उनी जनकपुरधाम आइपुगेका हुन् ।

प्रदेश-प्रदेश बीचको पर्यटन प्रवर्द्धनका लागि मधेश प्रदेशको भ्रमणमा गण्डकीका मुख्यमन्त्री जनकपुरधाम आएका हुन् । उनी बुद्ध एयरले शनिबारदेखि शुभारम्भ गरेको जनकपुर-पोखरा, पोखरा-जनकपुर सिधा हवाई सेवा शुभारम्भको अवसर पारेर जनकपुरधामको धार्मिक पर्यटक भएर आएका हुन् ।

मधेश प्रदेशको भ्रमणमा आउनुभएका मुख्यमन्त्री पोखरेलले विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै आजको दिन ऐतिहासिक दिन भएको बताउँदै यसलाई शब्दमा बयान गर्न नसकिने बताए ।

मुख्यमन्त्री पोखरेलले प्रदेशको समृद्धिको मुख्य आधार पर्यटन रहेको बताउँदै मधश प्रदेशमा धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको बताउँदै जनकपुर-पोखरा हवाई सेवाको शुभारम्भले दुवै ठाउँको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत पुग्ने बताए ।

बुद्ध एयरले अहिले हप्तामा तीन दिन र पछि यात्रुको चाप हेरेर थप गरिने जनकपुर विमानस्थलका प्रमुख योगेन्द्र कुवरले जानकारी दिए । बुद्ध एयरले  सोमबार, बिहीबार र शनिवार जनकपुरधाम-पोखराको उडान भर्ने भएको छ ।

## अकोराब मधेश प्रदेशको साधारणसभा सम्पन्न

जनकपुरधाम । सामुदायिक रेडियोहरुको उपकरण बीमा र विद्युत महसुलमा अनुदानको लागि प्रदेश  सरकारसँग माग गर्ने घोषणासहित सामुदायिक रेडियो प्रसारक संघ (अकोराव) मधश प्रदेशको तेस्रो साधारणसभा सम्पन्न भएको छ ।

सर्लाहीको बागमतीमा सम्पन्न साधाारणसभाले सूचना तथा विज्ञापन प्रदेशभित्रका सचार माध्यामलाई दिने नीति तथा कार्यक्रम कार्यनयनका लागि दबाब दिने निर्णय समेत गरेको अकोराव प्रदेश २ का सचिव अच्युत पौडेलले जानकारी दिए । त्यसैगरी साधारणसभामा बार्षिक कार्यपत्र, आर्थिक प्रतिवेदन लगायत विभिन्न विषयमा छलफल गरिएको पौडेलले जानकारी दिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र साहले प्रदेशभित्रका सञ्चार माध्यमहरुलाई के कसरी जोगाउन सकिन्छ भन्ने विषयमा सरकार सकारात्मक रहेको बताए । मन्त्री साहले मधेश प्रदेश सरकार आन्दोलनबाट आएको सरकार भएकोले सञ्चार माध्यमको समस्या सम्बोधनका लागि फेरि आन्दोलनकै स्थिति आउन नदिने बताए ।

प्रदेशभित्र रहेका हरेक सञ्चार माध्यमलाई सरकारले लोक कल्याणकारी बिज्ञापन वितरणमा पनि एकरुपता अपनाउने मन्त्री साहको भनाई थियो ।

त्यस्तै नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्णले पत्रकारहरुले चलाएको पत्रपत्रिका तथा रेडियोहरुको बिज्ञापनमा एकरुपता नभएको गुनासो गरे । उनले सञ्चार माध्यहरुको स्थानीय तहमै भएको विज्ञापन पनि काठमाडौं केन्द्रित मिडियाहरुलाई जाने गरेको भन्दै स्थानीय तथा प्रदेश स्तरका संञ्चारमाध्यम उपेक्षामा परेको बताए ।

कार्यक्रममा बोल्दै आम सञ्चार प्राधिकरका अध्यक्ष श्यामसुन्दर यादवले रेडियो उपकरण को बिमा प्रदेश सरकार मार्फत गराईने प्रतिबद्धता ब्यक्त गरे ।

अकोराव मधेश प्रदेशका अध्यक्ष मनोज यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन अकोराव सचिव अच्युत पौडेलले गरेका थिए ।  कार्यक्रममा उपाध्यक्ष उपासना तिवारी, मधेश प्रदेशका आठ वटै जिल्लाका सामुदायिक रेडियोका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

# बारा-पर्सा औद्योगिक करिडोरका उद्योगलाई विद्युत् लिन आह्वान

वीरगन्ज । नेपाल विद्युत् प्राधिकरणले बारा-पर्सा औद्योगिक करिडोरका उद्योगहरूलाई १३२ केभी प्रसारणलाइनबाट विद्युत् आपूर्ति लिन आह्वान गरेको छ । उत्पादित विद्युत् मुलुकभित्रै खपत गर्ने अभियानअन्तर्गत प्राधिकरणले बारा-पर्सा औद्योगिक करिडोरमा सञ्चालनको तयारीमा रहेका, भविष्यमा खुल्ने र थप विद्युत् माग गर्ने उद्योगहरूलाई १३२ केभीबाट विद्युत् आपूर्ति दिने प्राधिकरणले जनाएको छ ।

त्यस क्षेत्रका उद्योगहरूले अहिले ११ र ६६ केभी लाइनबाट विद्युत् आपूर्ति लिइरहेका छन् । १३२ केभीबाट विद्युत् आपूर्ति लिएमा त्यसको महसुल सस्तो छ । उद्योगहरूले आफ्नो परिसरमा सबस्टेसन भने आफैँले निर्माण गर्नुपर्नेछ । महसुल सस्तो पर्ने र चुहावट पनि कम हुने भएकोले त्यसको तुलनामा सबस्टेसन निर्माण महँगो नपर्ने जनाइएको छ ।

प्राधिकरणले बारा-पर्सा औद्योगिक करिडोर क्षेत्रमा पाँच वर्षभित्रमा दुई हजार मेगावाट विद्युत् खपत हुने गरी पूर्वाधार बनाउन बनाउन पहल सुरु गरेको छ । बारा-पर्सा औद्योगिक करिडोरमा पर्ने सिमरा, निजगढ, वीरगन्ज, परवानीपुर, पोखरिया, प्रसौनीलगायत क्षेत्रमा हाल सञ्चालमा रहेका तथा आगामी दिनमा खुल्ने उद्योगहरूलाई लक्षित गरी प्राधिकरणले उच्च क्षमताका विद्युत् प्रसारण तथा वितरणलाइनका पूर्वाधार संरचना बनाउन लागेको हो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको नेतृत्वमा टोलीले त्यस क्षेत्रको स्थलगत अवलोकन गरी ४०० र १३२ केभी प्रसारणलाइन तथा सबस्टेसन निर्माणका लागि सम्भावित ठाउँ, विद्युत् माग तथा खपतको अवस्थालगायत विषयमा जानकारी लिएको छ ।

कार्यकारी निर्देशक घिसिङले बारा-पर्सा क्षेत्र आगामी दिनमा ठूलो औद्योगिक हब बन्ने सम्भावना देखिएकोले उच्च क्षमताका प्रसारण तथा वितरणलाइनसहितको विद्युतीय पूर्वाधार बनाउन लागिएको बताए ।

# कृषि क्षेत्रमा उचित व्यवस्थापन गरे मात्र रोजगारी : अध्यक्ष मेहता

मणि प्रसाद गैह्रे, कपिलवस्तु । नेपाल पारा भेटरिनरी एण्ड लाइभस्टक एसोसियनका केन्द्रीय अध्यक्ष राम प्रसाद मेहताले कृषि क्षेत्रको उचित व्यवस्थापन गर्ने गरि काम गरे मात्र स्वरोजगार हुने बताएका छन् । मायादेवी गाउँपालिका पकडी कपिलवस्तुले आयोजना गरेको पशु स्वास्थ्य शिविरमा उनले यस्तो बताएका हुन् । कृषकको घरखेतमा प्राविधिक सेवा, कृषि ऋृण, कृषि बीमा र बजारको व्यवस्थापन गरेर काम गरेमा कृषिको उत्पादन हुने र रोजगारी सिर्जना हुने बताए ।

साथै एसोसियसनले सरकारलाई दबाब दिई कृषि क्षेत्रमा विभिन्न तहमा दरबन्दी स्थानीय प्राविधिकहरुलाई रोजगारका साथै कृषि बीमा लगायतका कामहरु गर्दै आएको बताए । कार्यक्रममा मायादेवी गाउँपालिकाका अध्यक्ष बजरंगी प्रसाद कुर्मीले गाउँपालिकाका सबै वडाका कृषि तथा पशुका कर्मचारीहरुको व्यस्थापन गरि किसानहरुलाई प्राविधिक सेवा दिइरहेको बताए । साथै स्थानीय स्रोत साधनको प्रयोग गरेर शिक्षा, कृषि तथा भौतिक पूर्वाधारमा काम गर्दै आएको समेत कुर्मीले बताए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत परमेश्वर यादव, नेम्ला पूर्व केन्द्रीय अध्यक्ष खित बहादुर श्रेष्ठ, प्रदेश सयोजक हुमाकान्त पाण्डेय, वाणगंगगा नगरपालिकाका पशु सोव शाखा प्रमुख राजकुमार तिवारी, मायादेवी गाउँपालिकाका पशु सेवा शाखा प्रमुख वडेलला कोहार लगायत बोलेका थिए । शिविरबाट गाउँपालिका क्षेत्रका १५० बढी किसानहरुले पशुको औषधी, घाँसको बीउ तथा प्राविधिक सेवा पाएको गाउँपालिकाले जनाएको छ ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# विश्व परिवेश

## युक्रेनको अवस्थाबारे नेदरल्याण्डका समकक्षी रुट्टेसँग मोदीद्वारा छलफल

नमन्त्री मार्क रुटेसँग कुरा गरे र युक्रेनको चलिरहेको अवस्थाबारे छलफल गरे र युद्धग्रस्त राष्ट्रमा जारी मानवीय अवस्थाको बारेमा चिन्ता साझा गरे।

प्रधानमन्त्री मोदीले शत्रुता अन्त्य गर्न र वार्ता र कूटनीतिको बाटोमा फर्कन भारतको निरन्तर अपील दोहोऱ्याए, वार्ताको विवरण प्रदान गर्दै विदेश मन्त्रालयको विज्ञप्तिमा भनिएको छ।

प्रधानमन्त्रीले रुस र युक्रेनबीच जारी वार्ताको स्वागत गर्दै छिट्टै समाधानको आशा व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री मोदीले द्वन्द्वग्रस्त क्षेत्रबाट भारतीय नागरिकको उद्धारमा भएको प्रगति र प्रभावित जनसंख्याका लागि औषधिलगायत अत्यावश्यक राहत सामग्रीको रूपमा भारतले गरेको सहयोगबारे प्रधानमन्त्री रुत्तेलाई



जानकारी गराएको विज्ञप्तिमा उल्लेख छ ।

भारतीय प्रधानमन्त्रीले अप्रिल २०२१ मा प्रधानमन्त्री रुट्टेसँगको भर्चुअल शिखर सम्मेलनलाई सम्झाउनुभयो र चाँडै नै प्रधानमन्त्री रुट्टेलाई भारतमा स्वागत गर्ने इच्छा व्यक्त गर्नुभयो।

गत वर्ष अप्रिलमा प्रधानमन्त्री मोदी र प्रधानमन्त्री मार्क रुटेले भर्चुअल समिट गरेका थिए।

दुई नेताले द्विपक्षीय सम्बन्धको सम्पूर्ण स्पेक्ट्रमको विस्तृत समीक्षा गरेका थिए र पानी सम्बन्धी क्षेत्रमा इन्डो-डच सहयोगलाई अझ गहिरो बनाउन र पानीमा जारी आधिकारिक स्तरको संलग्नतालाई मन्त्रीस्तरीय स्तरमा माथि उठाउन 'पानीमा रणनीतिक साझेदारी' स्थापना गर्न सहमत भएका थिए। स्तर।

भारत र नेदरल्यान्ड्सबीच बलियो राजनीतिक, आर्थिक र व्यावसायिक सम्बन्ध र विभिन्न क्षेत्रगत सहयोगहरू छन्।

यस वर्ष भारत र नेदरल्याण्डले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७५ औँ वार्षिकोत्सव मनाउँदैछन्। -इन्डिया न्यूज नेटवर्क

## आसामले बिहारबाट भारत-बंगलादेश जलमार्गबाट पहिलो कार्गो प्राप्त गऱ्यो

काठमाडौं । युक्रेनमा अझै फसेका भारतीय विद्यार्थीहरूका लागि केही खुसीको खबर थियो किनभने रूसले मंगलबार युद्धविराम घोषणा गरेको थियो र "मानवीय कोरिडोरहरू" उपलब्ध गराउने प्रस्ताव राखेको थियो।

'मार्च ८ २०२२ मा १२.३० आई. एस. टि. बाट मानवीय कार्य सञ्चालन गर्न रूसले युद्धविरामको घोषणा गर्दछ र मानवीय कोरिडोरहरू प्रदान गर्न तयार छ', भारतमा रूसी दूतावासले ट्विटरमा भन्यो।

दूतावासले उपलब्ध गराउन तयार रहेको मानवीय करिडोरको सूची जारी गरेको छ । यसमा उत्तरपूर्वी युक्रेनको सुमी शहर समावेश छ, जहाँ सयौं भारतीय विद्यार्थीहरू फसेको रिपोर्ट गरिएको छ। अरूहरू कीभ र छेउछाउका बस्तीहरू, चेर्निगोभ, खार्किभ र मारिउपोलका हुन्।

रुसले भन्यो कि उसले सुमीबाट "दुई मार्गहरूद्वारा पोल्टावा र रूसी संघको क्षेत्र बेल्गोरोडसम्म मानवीय कोरिडोरहरू उपलब्ध गराउनेछ - त्यसपछि हवाई, रेल र सडक यातायात द्वारा चयनित गन्तव्यहरू वा अस्थायी आवास, दक्षिणी दिशामा - । युक्रेनी पक्ष संग सम्झौतामा गर्नेछ।"

खार्किभ लगायत युक्रेनी सहरहरूबाट विद्यार्थीसहित भारतीय नागरिकहरूलाई बाहिर निकालिएको छ। पछिल्ला केही दिनहरूमा, सुमीमा ध्यान केन्द्रित भएको छ, जसमा अझै ठूलो संख्यामा भारतीय विद्यार्थीहरू छन्।

भारतबाट रुस र युक्रेन दुवैतर्फ सुरक्षित करिडोरका लागि पटक-पटक आग्रह गर्दा पनि विद्यार्थी बाहिरिन सकेका छैनन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सोमबार रुस र युक्रेनका राष्ट्रपतिहरूसँग कुराकानी गरेका थिए। उनले तत्काल युद्धविराम गरी दुवै पक्ष वार्ता र कूटनीतिको बाटोमा फर्कनुपर्नेमा जोड दिएका थिए ।

द्वन्द्वग्रस्त क्षेत्रबाट भारतीय नागरिकलाई निकाल्ने प्रयासलाई स्वीकार गर्दै उनले रुस र युक्रेन दुवैलाई धन्यवाद दिएका थिए।

राष्ट्रपति पुटिनसँगको टेलिफोन वार्तामा प्रधानमन्त्री मोदीले युक्रेनको सुमी सहरबाट भारतीय नागरिकलाई छिटोभन्दा छिटो सुरक्षित स्थानान्तरण गर्नुपर्नेमा जोड दिएका थिए।

युक्रेनमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकमा पनि भारतले यो मुद्दा उठाएको थियो। संयुक्त राष्ट्र संघमा भारतका स्थायी प्रतिनिधि टीएस तिरुमूर्तिले फसेका विद्यार्थीहरूको बारेमा गहिरो चिन्ता व्यक्त गरे। -इन्डिया न्यूज नेटवर्क

## भारतले मानवीय सहायताको तेस्रो खेप अफगानिस्तान पठायो

काठमाडौं । भारतले मंगलबार अफगानिस्तानमा मानवीय सहायताको तेस्रो खेप पठाएको छ। यसपटक भारतले पाकिस्तान हुँदै दुई हजार मेट्रिक टन गहुँ युद्धग्रस्त मुलुकमा पठाएको छ ।

भारतले २२ फेब्रुअरीमा पाकिस्तान हुँदै अफगानिस्तानमा २५०० मेट्रिक टन गहुँ पठाएको थियो, जुन २६ फेब्रुअरीमा जलालाबाद सहर पुगेको थियो।

यस महिनाको सुरुमा, भारतले अफगानिस्तानमा २,००० मेट्रिक टन गहुँको दोस्रो खेप पठाएको थियो।

परराष्ट्र मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले मंगलबार ट्वीट गरेका छन् 'अफगानिस्तानका जनतालाई सहयोग गर्न हाम्रो अथक प्रयास जारी छ । आज २००० मेट्रिक टन गहुँको तेस्रो खेप अफगानिस्तानको जलालाबाद सहरमा पठाइएको छ । यो अफगानिस्तानमा ५०००० मेट्रिक टन गहुँ पठाउने भारतको प्रतिबद्धताको एक हिस्सा हो जुन डब्लु. एफ. पि. अफगानिस्तान द्वारा वितरण गरिनेछ।

गत अक्टोबर ७ मा भारतले पाकिस्तानलाई ५०००० हजार टन गहुँ सडकबाट अफगानिस्तान लैजान दिने प्रस्ताव पठाएको थियो, जसमा छिमेकी राष्ट्रले नोभेम्बर २४ मा सकारात्मक प्रतिक्रिया दिएको थियो ।

त्यसपछि अफगानिस्तानमा गहुँ पठाउने ढाँचा तय गर्न दुवै छिमेकी राष्ट्रहरू सहमत थिए।

भारतले पठाएको सामान अफगानिस्तानमा संयुक्त राष्ट्रसंघीय खाद्य कार्यक्रमले वितरण गरिरहेको छ । -इन्डिया न्यूज नेटवर्क

## नेपाल, भारत र बंगलादेशबीच आवागमनलाई सहज बनाउने सम्झौतामा छलफल

भारत बंगलादेश र नेपालले यात्रु आवागमन सहज बनाउन भुटानले अनुमोदन गर्न बाँकी रहेको बहुप्रतीक्षित बीबीआईएन मोटर भेहिकल एग्रीमेन्ट (एम. भि. ए.) को कार्यान्वयनका लागि तीन देशले हस्ताक्षर गर्ने एक सक्षम समझदारी पत्र लाई अन्तिम रूप दिएका छन् ।

सोमबार र मङ्गलबार नयाँ दिल्लीमा बंगलादेश, भारत र नेपालका वरिष्ठ अधिकारीहरूको दुईदिने बैठकले सम्झौतालाई अन्तिम रूप दिने निर्णय गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ । बैठकमा भुटान पर्यवेक्षकका रुपमा सहभागी भएको थियो ।

कोभिड-१९ को महामारी फैलिएपछि समूहको यो पहिलो बैठक हो । पछिल्लो बैठक फेब्रुअरी २०२० मा नयाँ दिल्लीमा भएको थियो ।

मन्त्रालयको अनुसार बैठकले बंगलादेश भुटान भारत र नेपाल (बि. बि. आई. एन)



मोटर वाहन सम्झौता बंगलादेश भुटान भारत र नेपाल बीच यात्रु व्यक्तिगत र कार्गो सवारी साधन ट्राफिक नियमन को लागी संचालन गर्न को लागी प्रोटोकलहरुमा छलफल गर्यो।

बि. बि. आई. एन एम. भि. ए.कार्यान्वयनका लागि उच्च तहमा भएका प्रतिबद्धताहरूलाई स्मरण गर्दै प्रतिनिधिमण्डलले कार्यान्वयनलाई गति दिन चाँडोभन्दा चाँडो एमओयूमा हस्ताक्षर गर्ने इच्छा व्यक्त गरेको मन्त्रालयले जनाएको छ ।

देशहरूले व्यापार र जनता-जनताको सम्पर्कलाई सहज बनाउन सहभागी देशहरू बीच निर्बाध आवतजावत गर्न सक्षम बनाउन बि. बि. आई. एन मोटर वाहन सम्झौता (एम. भि. ए.) द्रुत रूपमा सञ्चालन गर्ने महत्त्वमा जोड दिए ।

यात्रु र कार्गो प्रोटोकलको समापन गरेर एम. भि. ए. को परिचालनले बि. बि. आई. एन देशहरू बीचको व्यापार र जनता-जनताको कनेक्टिभिटीको पूर्ण क्षमतालाई अझ बढी उप-क्षेत्रीय सहयोगलाई बढावा दिएर महसुस गर्न मद्दत गर्नेछ, मन्त्रालयले भन्यो ।

भारतीय प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका सहसचिव स्मिता पन्तले गर्नुभएको थियो भने बंगलादेशको प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र मन्त्रालयका महानिर्देशक (दक्षिण एसिया) ए. टी. एम. रोकेबुल हकले गर्नुभएको थियो ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशवकुमार शर्माले गरेका थिए भने भुटानी पर्यवेक्षक टोलीको नेतृत्व नयाँ दिल्लीस्थित रोयल भुटानी दूतावासका प्रथम सचिव थिन्ले नोर्बुले गरेका थिए । *-इण्डिया न्यूज नेटवर्क*


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

मधेश प्रदेश, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


# जिल्ला समाचार

## वाणगंगा सडक खाना महोत्सव हुँदै

मणि प्रसाद गैह्रे, कपिलवस्तु । वाणगंगा नगरपालिकाको जीतपुरमा प्रथम वाणगंगा सडक खाना महोत्सव २०७८ फागुन २७ मा हुने भएको छ । स्थानीय युवाहरुको सक्रियतामा उक्त महोत्सव संचालन गर्न लागिएको हो । जिल्लाको पहिचान ,आर्थिक समाजिक एवं सास्कृतिक विकासमा टेवा पुर्याउन सडक खाना महोत्सव राखिएको प्रथम वाणगंगा सडक खाना महोत्सव २०७८ मुल समारोह समितिका संयोजक बुद्धि बहादुर रोकाहाले जानकारी दिएका छन् । प्रथम वाणगंगा सडक खाना महोत्सव २०७८ को आयोजनामा राखिएको कार्यकमको सह आयोजक लुम्बिनी प्रदेश सरकारको पर्यटन डिभिजन कार्यालय रुपन्देही रहेको छ । महोत्सवलाई वाणंगगा नगरपालिका र वाणगंगा नगरपालिका वडा नं ४ ले पनि सहयोग गरेको वडा नं ४ का अध्यक्ष गणेश बहादर क्षेत्रीले बताए । महोत्सवमा विविध सास्कृतिक कार्यकमका साथै मगर, थारु, नेवार लगायत विभिन्न जातजातीका स्थानीय तथा मौलिक खानाका परिकार राखिने महोत्सवका निर्देशक शुसिल सिंह ठकुरीले बताए । महोत्सव फागुन २७गते शुकबमरक दिन राखिएकोले स्थानीय तथा छिमेकी जिल्लाकापरिवार सहित आएर अवलोकन र मनोरन्जन लिन सकिले निर्देशक ठकुरीले बताए ।

## सैनामैनामा मेयर कप फुबल प्रतियोगिता हुँदै

रुपन्देही । सैनामैनामा चौथो सैनामैना मेयर कप खुल्ला नकआउट फुटबल प्रतियोगिता २०७८ को तयारी पुरा भएको छ । सैनामैना खेलकुद विकास समितिको संरक्षकत्व, कन्दरा युवा क्लबको आयोजना, फगको मुख्य प्रायोजन, कन्चन सामुदायिक वन उपभोक्ता समुहको प्रायोजन तथा लालि र पानबारी खानेपानी तथा सरसफाई उपभोक्ता समितिको सहप्रायोजनमा फागुन २८ गतेबाट सैनामैना १० सालझण्डीको पानबारीमा रहेको खेल मैदानमा खेल हुने छ । प्रतियोगिताको सबै तयारी पूरा भएको बुधबार पत्रकार सम्मेलन गरि समितिका कार्यबाहक अध्यक्ष अम्मर लम्सालले बताए । प्रतियोगिताको उपाधि विजेता टिमले नगद २ लाख ५० हजार ५ सय ५५ रुपैया, कप, मेडल, प्रमाणपत्र तथा उपविजेता टिमले नगद १ लाख २५ हजार ५ सय ५५ रुपैया, कप, मेडल, प्रमाणपत्रबाट पुरस्कृत गरिने छ। यसैगरि विद्यागत रुपमा उत्कृष्ट खेलाडीहरुलाई समेत पुरस्कृत गरिने संयोजक यम बहादुर श्रीषले बताए। सर्वोत्कृष्ट खेलाडीलाई माउन्टेन साईकल, १० लाख बराबरको एकवर्षको बिमा समेत गरिएको छ भने उत्कृष्ट गोलकिपर, हाईस्कोरर, डिफेन्स, फर्वारड गरि ५ हजार ५ सय रुपैया र कप, मेडलबाट पुरस्कृत गरिने उनले बताए । उद्घाटन खेल मुर्गिया एफसी र कन्चन ११ का बिचमा हुने प्रतियोगिता आयोजना क्लबका अध्यक्ष तुल्सी पौडेलले बताए । चैत १० गतेसम्म संचालन हुने प्रतियोगितामा २० लाख खर्च अनुमान रहेको उनले बताए । १२ टिमको सहभागिता रहने समितिका कार्यबाहक अध्यक्ष अम्मर लम्सालले बताए । नगरपालिकाका उपप्रमुख बिना रानाले खेलकुदमार्फत युवाहरुलाई एकतावद्ध गराउने उदेश्य सहित कार्यक्रम गरिएको बताईन । युवा प्रतिभालाई खेलप्रतियोगिताबाट प्रोत्साहन मिल्ने भन्दै उनले नगरमा खेल पुर्वाधारमा समेत धेरै कामहरु भैरहेको बताईन । प्रतियोगिता आयोजनाका लागि पालिकाबाट ७ लाख २५ हजार रुपैया सहयोग भएको उनले बताइन् ।

## प्रसुती सेवा संचालनमा

कपिलवस्तु । महाराजगंज नगरपालिका वडा नं ८ मा रहेको कजरहवा स्वास्थ्य चौकीमा २४ घण्टे प्रसुती सेवा संचालनमा ल्याइएको छ । बिहिवार एक कार्यकमका विच नगर प्रमुख अब्दुल कलामले उद्घाटन गरी सेवा संचालनमा ल्याइएको हो । नगरका सबै वडामा जनताको स्वास्थ्य सेवालाई सहज तुल्याउनको लागी कजरहवामा पनि २४ घण्टे प्रसुती सेवा संचालनमा ल्याइएको प्रमुख कलामले बताए । प्रसुती सेवा संगै हप्ताको दुई दिन विशेषज्ञ डा. द्धारा ओपेडी सेवा पनि संचालनमा ल्याएको वडा अध्यक्ष योगेन्द्र के.सीले बताए । भवन निर्माण गरि स्थानीय महिलाहरुको समस्यालाई मध्य नजर गर्दे वडा तथा छिमेकी वडाका जनताको सेवाको लागि प्रसुती सेवा संचालनमा ल्याएको समेत अध्यक्ष केसीले बताए । कार्यक्रममा नगर उप प्रमुख सोभावती कुर्मी, जिल्ला समन्यव समितिका सदस्य तेज बहादुर रायमाझि अर्का वडा अध्यक्ष हुसेन खांन नगरपालिका स्वास्थ्य संयोजक राधेश्याम जैसवाल लगायतले गुणस्तरिय सेवा मार्फत जनतालाइ सेवा दिन स्वास्थ्य चौकीलाई आग्रह गरे । कजरहवा स्वास्थ्य चौकी प्रमुख प्रेम सागर चौधरीले नागरिकको स्वास्थ्य उपचार र सेवाको लागी २४ सै घण्टा स्वास्थ्यकर्मी खटेर सेवा दिन तत्पर रहेको बताए ।

## मन्त्रीद्वारा यातायात कार्यालय अनुगमन

बुटवल । लुम्बिनी प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री पुरमति ढेंगामगरले रुपन्देहीको मणिग्रमस्थित यातायात व्यवस्था कार्यालयमा अनुगमन गरेकी छन् । सेवाग्राहीको गुनासो सुन्ने र कार्यालयको सेवा सुधार गर्ने उद्देश्यले छड्के अनुगमन गरेको मन्त्रीको सचिवालयले जनाएको छ । सो अवसरमा एक सेवाग्राही खमबहादुर रास्कोटीमगरले लाइसेन्स वितरणमा ढिलाई हुंदा ट्राफिक प्रहरीबाट चेकजांचका क्रममा दु:ख पाउने गरेको मन्त्री ढेंगासमक्ष गुनासो गरेका थिए । यस्तै कार्यालयमा फाइल नभेटिएको बहानामा काममा ढिलासुस्ती हुने गरेकाले सबै काम कम्प्युटरबाट हुने प्रणाली विकास गर्न सुझाव दिए । अनुगमनपछि मन्त्री ढेंगाले सेवा लिने क्रममा कार्यालयबाट कुनै समस्या र नियम विपरितका काम भएमा मन्त्रालयमा सूचना दिन सेवाग्राहीलाई आग्रह गरिन् । मन्त्री ढेंगाले यसअघि पनि मन्त्रालय मातहतका कार्यालयहरुको अनुगमन गर्दै आएको मन्त्रीका स्वकीय सचिव तेजु रानाले बताए ।

## सिराहा कांग्रेस : संस्थापन इतरपक्षद्वारा समानान्तर समिति घोषणा

सिराहा । चुनावमा धाँधली भएको भन्दै मतदान बहिष्कार गरी परिणाम अस्वीकार गरेको संस्थापन इतरपक्ष समूहले समानान्तर जिल्ला कार्यसमिति घोषणा गरेपछि सिराहा कांग्रेसको विवाद चुलिएको छ । गत सोमबार भएको निर्वाचनमा धाँधली भएको आरोप लगाउँदै संस्थापन इतरका सभापतिका प्रत्यासी रामसुन्दर चौधरी समूहले मतदान बहिष्कार र परिणाम अस्वीकार गरेको थियो । सोमबार भएको निर्वाचनमा एक हजार ४ सय २६ मत ल्याएर रामचन्द्र यादव विजयी भएको घोषणा गरिएको थियो । निर्वाचन परिणाम अस्वीकार गरेको असन्तुष्ट चौधरी पक्षको सदरमुकाम सिरहास्थित जिल्ला समन्वय समितिको समिक्षालय भवनमा बिहीबार बसेको भेलाले रामसुन्दर चौधरी नेतृत्वको प्यानललाई नै कार्यसमितिमा रुपान्तरण गरिएको छ । जिल्ला कार्यसमिति घोषणा गर्दै निर्वाचनमा धाँधली गरेर निर्वाचित भएको भन्दै पार्टी सभापति शेरबहादुर देउवा समूहका रामचन्द्र यादव नेतृत्वको कार्यसमितिलाई नमान्ने निर्णय गरेको छ । समानान्तार समिति गठन गरेका चौधरी पक्षले जिल्लाका पार्टीका सबै गतिविधिसमेत समानान्तर सञ्चालन गर्ने जनाएको छ । रामचन्द्र यादवले शक्ति र प्रहरी प्रशासनको आडमा निर्वाचनमा धाँधली गरेर निर्वाचित भएको चौधरी पक्षको आरोप छ ।

## मधेससाग पर्यटनीय सम्बन्ध मजबुत : गण्डकी मुख्यमन्त्री पोखरेल

महोत्तरी । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले हवाई सेवा सुचारु भएपछि मधेस प्रदेशसँग अझ पर्यटनीय सम्बन्ध मजबुत हुने बताएका छन् । आइतबार महोत्तरीको बर्दिवासमा पत्रकारसँग कुराकानी गर्दै मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशका राजधानी पोखरा र मधेस प्रदेशका राजधानी जनकपुरबीचमा हवाई सेवाले थप सम्बन्धलाई सुदृढ तुल्याएको स्पष्ट पारेका छन् । 'पछिल्लो समयमा आएर हवाईमार्गबाट ४५ मिनेटकै छोटो दूरीमा दुवै राजधानीलाई जोडने वातावरण निर्माण भएको छ । अब पर्यटकलाई आवतजावत गर्नका लागि कुनै किसिमको झन्झट रहेन । संघीयतालाई मजबुत बनाउने क्रममा हामीले मधेस प्रदेशको आमन्त्रणमा यहाँका अवलोकनका लागि यहाँ आएको मुख्यमन्त्री पोखरेलले बताए । जनकपुर आएपछि मुख्यमन्त्री पोखरेलले महिनौदेखि थन्किएर राखिएको रेल भ्रमण गर्नुको साथै यहाँका पर्यटकीय धार्मिकस्थलको भ्रमणको क्रममा रहेका छन् ।

# मधेश प्रदेशका पिछडिएका घरपरिवारलाई ग्यास चुल्यो, सिलिण्डर लगायतका सामग्री उपलब्ध गराउने सहमति

काठमाडौं । भारत सरकारको आर्थिक सहयोगमा मधेश प्रदेशका सर्लाही, रौतहट र सप्तरी जिल्लाका पिछडिएका घरपरिवारलाई एल.पी ग्यास चुल्हो, ग्यास सिलिण्डर लगायतका सामग्री उपलब्ध गराउने सहमति भएको छ ।

बुधबार संघीय राजधानी काठमाडौंमा आयोजित एक समारोहका बीच भारतीय राजदूतावास, काठमाडौं र नेपाल-भारत महिला मैत्री समाजबीच अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा नेपाल-भारत विकास सहकार्य कार्यक्रम अन्तर्गत एक समझदारी पत्रमा हस्ताक्षर भएको हो ।



भारत सरकारको नेरु २ करोड ४ लाख ९० हजार अनुदान सहयोगमा मधेश प्रदेशका तीन जिल्लामा ३००० वटा एल.पी ग्यास चुल्हो, ग्यास सिलिण्डर लगायतका सामग्री नेपाल-भारत महिला मैत्री समाजमार्फत उपलब्ध गराइने सहमति भएको छ ।

यो योजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादी का अमृत महोत्सव" अन्तगर्त यस वर्ष नेपालमा उद्घाटन गरिने ७५ वटा परियोजना मध्येको एक हो ।

दाउरा, कोइला, गुइँठा जस्ता परम्परागत इन्धनमा निर्भर ग्रामीण क्षेत्रका घरपरिवारसम्म एल.पी ग्यास जस्ता सफा खाना पकाउने इन्धनको पहुँच विस्तार गर्न हेतु भारत सरकारले ल्याएको "प्रधानमन्त्री उज्ज्वला योजना" बाट यो योजना प्रेरित रहेको जनाइएको छ ।

सो कार्यक्रममा नेपाल-भारत महिलामैत्री समाजकी अध्यक्ष चन्दा चौधरीले पिछडिएका घरपरिवारलाई सो सामग्री उपलब्ध गराइएपछि विभिन्न जोखिमहरुबाट जोगिन मद्दत पुग्ने धारणा राखेकी थिइन् ।

उनले सप्तरी जिल्लाको एउटा घटना सुनाउँदै भनिन्, 'सप्तरीमा एक महिला पराल वा दाउराले खाना पकाउँदा सोबाट आगलागी हुँदा एक दुधे बालकको भएको अकाल मृत्युले मेरो मन अति दु:खित भयो । त्यसपछि मैले ग्रामीण भेगका पिछडिएका महिलाका लागि ग्यास चुल्हो र सिलिण्डरको व्यवस्था गर्ने योजना बनाएँ ।'

यसैगरी, दूतावासकी नियोग उपप्रमुख नामग्य सी.खम्पाले नेपालको आर्थिक सहयोगमा भारत सरकार सदैव अग्रसर रहेको बताएइन् । उनले भारतको यस्तै सहयोगहरु आगामी दिनमा पनि गरिरहने बताएकी थिइन् ।

यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मी उमा रेग्मीले भारत सरकारको सो सहयोगप्रति धन्यवाद ज्ञापन गरेकी थिइन् ।

उनले महिलालाई आत्मनिर्भर बनाउन शीपमूलक कार्यक्रमहरु ल्याउनुपर्ने धारणा राखेकी थिइन् ।

सो सहमतिपत्रमा नेपाल-भारत महिलामैत्री समाजकी अध्यक्ष चौधरी र दूतावासका प्रथम सचिव करुण वंशलले हस्ताक्षर गरेका छन् ।

सन् २००३ यता भारतले नेपालमा स्वस्थ्य, शिक्षा, खानेपानी तथा सिँचाइ, विद्युतीकरण आदिका क्षेत्रमा ५२३ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु अघि बढाइसकेको छ जसमध्ये ४६७ वटा सम्पन्न भइसकेका छन् । ती मध्ये सर्लाहीका १९, रौतहटका ५ र सप्तरीका ९ गरी मधेस प्रदेशमा ८१ वटा रहेका छन् । यसका अतिरिक्त भारत सरकारले यी तीन जिल्लामा हालसम्म ८७ वटा एम्बुलेन्स र तीनवटा स्कुल बस उपहार स्वरुप प्रदान गरिसकेको छ । नजिकको छिमेकी भएको नाताले भारत र नेपालबीच बहुपक्षीय एवम् बहुक्षेत्रीय सहकार्य रहेको छ । यस योजनाको कार्यान्वयनले जनताको जीवनस्तरलाई उकास्न नेपाल सरकारले गरेका प्रयासहरुमा भारत सरकारले गर्दै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# 'नेपाल र भारत छिट्टै दुई वटा रेल मार्गबाट जोडिन्छन्'

काठमाडौं । भारतीय विदेश सचिव हर्षवर्धन श्रृङ्लाले छिट्टै नेपाल र भारत दुई वटा रेलमार्गबाट जोडिने बताएका छन् । बुधबार भारतको राजधानी नयाँ दिल्लीको लालबहादुर शास्त्री एकेडेमीमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले रेलमार्गले दुई देशलाई अझ निकट बनाउने बताए । 'रेलमार्गका कारण दक्षिण एसियाको भूगोल द्रुत गतिमा आपसमा निकट भइरहेका छन् । छिट्टै नेपाल र भारत दुई वटा रेल लिंक र बंगलादेश र भारत ६ वटा रेल लिंकबाट जोडिने छन्,' उनले भने । भारतीय विदेश सचिव श्रृङ्लाले छिमेक पहिलो नीतिलाई भारतले उच्च प्राथमिकता दिएको जनाए । यसैकारण नेपाल, अफगानिस्तान, बंगलादेश, भुटान, माल्दिभ्स, म्यानमार, पाकिस्तान र श्रीलंकालाई उच्च प्राथमिकतामा राखिएको उनले बताए । पाकिस्तान बाहेकका छिमेकी राष्ट्रसँग निकट रहेर भारतले काम गरिरहेको भनाई उनको थियो । नेपाल लगायतका छिमेकी राष्ट्रसँग असाध्यै राम्रो राजनीतिक सम्बन्ध कायम राखेको दाबी उनले गरे । सन् २०१४ मा पहिलो पटक नरेन्द्र मोदीले प्रधानमन्त्रीको सपथ लिंदा सार्क राष्ट्रका सरकार प्रमुखको उपस्थिती र सन् २०१९ मा दोस्रो पटक मोदीले प्रधानमन्त्रीको सपथ लिंदा बिमस्टेक सदस्य राष्ट्रका सरकार प्रमुखको उपस्थितीलाई यसको उदाहरणको रुपमा उनले प्रस्तुत गरेका थिए । राजनीतिक सम्बन्ध राम्रो भएकै कारण सन् २०१४ पछि भारतका राष्ट्र तथा सरकार प्रमुखले नेपाल, भुटान र श्रीलंकामा एक दर्जनभन्दा बढी पटक भ्रमण गरेको उनले जनाए । छिमेकी राष्ट्रसँग कनेक्टीभिटी र उर्जाका क्षेत्रमा भारतले ठूलो सहकार्य गरिरहेको विदेश सचिव श्रृङ्लाले बताए । उनका अनुसार भारतले अहिले नेपालमा ७ सय मेगावाट र बंगलादेशमा १ हजार १६० मेगावाट विद्युत निर्यात गरिरहेको जनाए । भुटानबाट भने भारतले १.८ गिगावाट विद्युत आयात गरिरहेको छ ।

# उद्योगपति हीरालाल केडियाको निधन



काठमाडौं । चर्चितपति उद्योगी हीरालाल केडियाको निधन भएको छ । केडिया अर्गनाइजेसनका वरिष्ठ व्यक्तित्व हीरालालको ८६ वर्ष उमेरमा निधन भएको हो ।

हीरालालको संरक्षणमा केडिया डेन्टल, केडिया आँखा अस्पताललगायत विभिन्न सामाजिक संघसंस्थाहरुले सेवा दिँदै आएका छन् । उनी मारवाडी सेवा ट्रष्टका अध्यक्षसमेत थिए ।

देशकै प्रतिष्ठित औद्योगिक घराना केडिया अर्गनाइजेसनका अध्यक्ष हीरालालको अन्तिम सस्कार सर्लाहीको बाग्मती नदी किनारमा गरिएको छ । अन्तिम सस्कारमा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतलगायत विशिष्ट उद्योगी व्यवसायी एवं जनताले श्रद्धाञ्जली दिएका थिए ।

हीरालालले वीरगंजस्थित नारायणी उपक्षेत्रीय अस्पतालको अध्यक्ष भई दुई कार्यकाल काम गरेका थिए । उनी केडिया अस्पताल वीरगञ्जका पनि अध्यक्ष थिए । उनका चार छोरा रमेश, सुरेश, राजेश र विमल तथा श्रीमती पर्मेश्वरीदेवी केडिया रहेका छन् ।

# हिन्दू परिषद्को अध्यक्षमा पटेल पुन: चयन

बारा । हिन्दू परिषद नेपालको दोस्रो केन्द्रीय साधारण सभाबाट अध्यक्षमा पुन: सन्तोष पटेल चयन भएका छन् ।

जिल्लाको अमलेखगन्जस्थित एक होटेलमा शनिबार भएको साधारणसभाले पटेलको अध्यक्षतामा सर्वसहमतिले २० पदाधिकारीसहित १०१ केन्द्रीय कमिटी चयन गरेको हो ।

साधारणसभामा मुख्य रुपमा विधान संशोधन, केन्द्रीय कमिटी चयन, भावी योजनाबारे बृहत छलफल गरिएको थियो ।

एक अध्यक्ष र ५८ केन्द्रीय सदस्यहरुको सर्वसहमतिबाट साधारण सभाले अनुमोदन गरेको थियो र बाँकी सदस्यहरुको आवश्यकता अनुसार मनोनीत गर्ने भएको छ । साथै सदस्यहरुबाट पदाधिकारी चयन गर्ने जिम्मा नवनिर्वाचित केन्द्रीय अध्यक्ष पटेललाई दिएको छ ।



साधारणसभाबाट चयन भएका केन्द्रीय सदस्यहरु क्रमश: विजय गुप्ता, सुनिता रौनियार, संजय सर्राफ, लालबाबू प्रसाद कुर्मी, सुरेश साह कानू, चित्तरंजन श्रीवास्तव, भरत सरार्फ, अजिता देवी पटेल, सजना खटिवटा, संजय अग्रवाल, उमेश साह कानू, किरण अग्रवाल, संतोष सरार्फ, सचितांनन्द दुबे, विनोद प्रसाद कुर्मी, सुनील गुप्ता, रमेश रौनियार, साहेब ठाकुर, राकेश चौधरी, कृष्णकान्त झा, दीपक चौधरी, मनोज ओझा, मनीष गुप्ता, पिंकी महासेठ, अमरेन्द्र साह, राधा मण्डल, राज कुमार रौनियार, शान्त बहादुर शाक्य, संतोष बस्नेत, श्यामसुन्दर राय, मनोज मण्डल, राम सोबित नायक, उपेन्द्र झा, बिभा ठाकुर, राममान सिंह महरजन, प्रीति रमण कलवार, साधना यादव, गायत्री साह, लोकनाथ भण्डारी, नबीन सिंह, मनोज राउत, लोकनाथ पाण्डे, दीपेन्द्र बुढा क्षेत्री, खगेन्द्र राज जोशी, अरुण झा, नितेश सिंह, तारकेश्वर कान्दू, ओमकार पाण्डे, नागेन्द्र सिंह, मनीराम रेग्मी, धीरेन्द्र मिश्रा, लक्ष्मी साह, शत्रुघ्न साह, रामेश्वर गुप्ता, मनोज बावरी, मनोज मित्तल, अमोद कुमार केवट चयन भएका थिए ।

साथै परिषदले समान उद्देश्य बोकेको संघ संस्थासँग सहकार्य गर्ने र सनातन धर्मको कार्य गर्ने व्यक्तिलाई उचित स्थान दिएर समाहित गर्ने सहमति भएको छ । परिषद्को ७ प्रदेश र ७७ जिल्लामा संगठनलाई अझ मजगूत गर्ने र जनजागरण, प्रशिक्षण, सभा लगायतको कार्यलाई तीव्रता दिने निर्णय भएको छ ।

# नेपाल एयरलाइन्सको काठमाडौं-दिल्ली दैनिक दुई उडान

काठमाडौं । नेपाल एयरलाइन्सले काठमाडौ-दिल्ली रुटमा अब दैनिक दुई उडान गर्ने भएको छ । भारत सरकारले भारतमा सबै प्रकारका व्यवसायिक उडान खुला गरेसँगै नेपाल एयरलाइन्सले दिल्लीका लागि दैनिक दुई उडान गर्ने भएको हो । नेपाल वायुसेवा निगमका अनुसार फागुन ३० अर्थात् मार्च १४ बाट यो रुटमा दैनिक दुई उडान हुनेछ । अहिले यस रुटमा निगमले दैनिक एक उडान गरिरहेको छ । भारतबाट भिस्तारा एयर, इण्डिगो एयर र एयर इण्डियाले अहिले नियमित उडान गरिरहेका छन् । नेपालबाट निगमले मात्र उडान भरिरहेको छ । भारतको बनारसमा भने बुद्ध एयरले पुन: उडान शुरु गर्ने तयारी गरिरहेको छ । यसैबीच नेपाल एयरलाइन्सले १३ चैतदेखि भारतको मुम्बईमा नियमित उडान पुन: सुरु गर्ने भएको छ । कोभिड-१९ महामारी सुरु भएपछि पछिल्लो दुई वर्षयता हवाई उडान बन्द रहेको यो रुटमा १३ चैतदेखि पुन: उडान सुरु गर्न लागेको नेपाल एयरलाइन्सले जनाएको छ । निगमले यो रुटमा साताको तीन वटा उडान गर्ने भएको छ । काठमाडौं-मुम्बई-काठमाडौं रुटमा बुधबार, शुक्रबार र आइतबार जहाज उड्नेछ ।

# भारत-नेपाल अल्मुनाई सञ्जालको आयोजनामा गोलमेच छलफल

काठमाडौं । भारतीय राजदूतावास काठमाडौं अन्तर्गतको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रसँगको सहकार्यमा सम्पर्क (भारत-नेपाल एलम्नाई सञ्जाल)ले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा काठमाडौंमा एक गोलमेच छलफलको आयोजना गरेको छ । सञ्जालले 'महिलाको राजनीतिक सहभागिता: चुनौति र समाधानका बाटाहरु' विषायक शीर्षकमा समाजको स्थापित महिला नेतृहरुसँग छलफल गरेको थियो ।

छलफलमा नेपालका राजनीतिक नेतृहरु डा.आरजु राणा देउवा, भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादव, वाग्मती प्रदेशका पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, सांसदहरु श्रीमती डा.बिन्दा पाण्डे र श्रीमती पुष्पा भुषालले सहभागिता जनाएका थिए । प्राध्यापक श्रीमती इला शर्मा उक्त छलफलको सहजकर्ताको रुपमा भूमिका निर्वाह गरेकी थिइन् । छलफल उनीहरुले वर्तमान समयमा महिला नेतृत्वको खाँचो भइसकेकाले नीति निर्माणको क्षेत्रमा महिलाको प्रतिनिधित्व एवम् सहभागितालाई थप विस्तार तथा सुनिश्चित गर्न महिला सम्बन्धि कानुनी प्रावधानको कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । वक्ताहरुले राजनीतिक वृत्तमा महिलाले महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै महिला हकलाई उजागर गर्न गर्नुपर्ने प्रयासबारे चर्चा गरे ।

# भन्सार महसुल बढाएको भन्दै खुला सीमा सम्वाद समूहको आपत्ति

काठमाडौं । नेपाल सरकारले नेपाल-भारत भन्सारमा महसुल बढाएको भन्दै नेपाल-भारत खुला सीमा सम्वाद समूहले आपत्ति जनाएको छ ।

नेपाल सरकारले भन्सार ऐन २०६४, भन्सार नियमावली २०६४ र आर्थिक ऐन २०७८ को हवाला दिएर एक सय रुपैयाँभन्दा बढी मूल्यको भन्सार तिर्नुपर्ने र भन्सार महसुल नतिरी समान आयात गर्दा जफत हुनुका साथै कानुनी कारवाहीको दिइएको धम्कीप्रति सीमा सम्वाद समूहको ध्यानाकर्षण भएको छ । सीमा सम्वाद समूहका अध्यक्ष राजीव झाले एक विज्ञप्ति जारी गरी परापूर्वकालदेखि नै नेपाल-भारतबीच रहेको बेटी-रोटी सम्बन्धमा आघात पुर्याउने गरी गरिएको निर्णयप्रति गम्भीर आपत्ति प्रकट गरेका छन् ।

दुई देशबीच रहेको सम्बन्ध र एक अर्का नातेदार कहाँ जाँदा कोशेली लग्नका लागि पनि भन्सार बुझाउनुपर्ने जस्ता अप्राकृतिक निर्णय खेदजनक रहेको अध्यक्षले भनेका छन् । कोरोना त्रासदीका कारण सीमा बन्द हुँदा दुवै देशमा आ-आफ्ना नातेदारसँग भेट गर्नका लागि भोगिएको पीडा एकातिर छ भने सम्बन्ध नै विस्थापित गर्ने गरिएको अलोकतान्त्रिक निर्णय यथाशीघ्र खारेज गर्न माग रहेका छन् । 'यसप्रति सम्बन्धित निकाय तत्कालै गम्भीर नभए दबाबमूलक कार्यक्रम गर्न बाध्य हुने यसमार्फत चेतावनी पनि दिइन्छ' उनले भनेका छन् ।

## जसपालाई...

दृष्टिगत गरी ओलीले पनि अलग गठबन्धनमा ध्यान दिन थालेका हुन् । उनले महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीसँग गठबन्धन गर्ने सम्भावना बढेको छ । ओली र ठाकुरबीच निकट सम्बन्ध छ ।

ठाकुरले पनि सार्वजनिक रुपमा ओलीको प्रशंशा गर्दै आएका छन् । दुई नेताबीच निर्वाचनमा मिलेर जानेबारे समेत विभिन्न माध्यमले कुराकानी चलेको बुझिएको छ ।

मधेश प्रदेशमा प्रभाव बढाएका सीके राउतसँग पनि ओलीले पछिल्लो समय निकटता बढाएका छन् । राउतलाई मूलधारको राजनीतिमा ल्याउन ओलीले नै मुख्य भूमिका निर्वाह गरेका थिए । किसान आन्दोलन उठाएर मधेशमा प्रभाव जमाउँदै गएका राउतले पनि ओलीबाट चुनावी लाभ लिन खोजेका छन् ।

## मधेश...

सञ्चालन हुनेछ । यस कार्यक्रममा भर्ना हुने विद्यार्थीले इन्टर्नसिपकोलागी दोश्रो वर्षदेखि नै विद्यालयहरुमा अध्यापन गराउन जानुपर्ने छ ।

चार वर्षे बीटेक. एडआईटीमा भर्ना हुनको लागी कुनै पनि संकायबाट १२ कक्षा वा सो सरह वा सिटिइभीटीले सञ्चालन गरेको ३ वर्षे डिप्लोमा उत्तिर्ण गरेको हुनुपर्ने छ । विद्यार्थीहरुको छनौट काठमाण्डौं विश्वविद्यालयले सञ्चालन गरेको प्रवेश परिक्षाको आधारमा गरिने छ । कलेजका अध्यक्ष जलानका अनुसार मधेश प्रदेशको साक्षरता र शैक्षिक स्तरमा वृद्धि गर्नका लागि जानकी कलेजको स्थापना यस प्रदेशको शिक्षाको क्षेत्रमा नयाँ युग हुनेछ । ४ वर्षे पढाइ पुरा गरे पश्चात मधेश प्रदेशको शैक्षिक संस्थामा अध्यापन गर्न पाउने अवसर भएकोले 'ब्रेन ड्रेन' को समस्याबाट विस्तारै पुरै देशलाई नै बचाउन असम्भव नभएको उनले बताए ।


लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन ।
परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरुवात आफैंबाट गर्नुपर्दछ ।
परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





**मिथिला दर्शन**
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं